# स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-८)

# हाम्रो पुथा उत्तरगङ्गा

पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
तकसेरा, रुकुम पूर्व

**प्रमुख संरक्षक**

| | |
|---|---|
| पुनीराज घर्ती | गाउँपालिका अध्यक्ष |

**सह-संरक्षक**

| | |
|---|---|
| भुपेन्द्रा बुढा | गाउँपालिका उपाध्यक्ष |

**सल्लाहकार**

| | |
|---|---|
| राजन कंडेल | प्रमुख प्रशासकीय अधिकृत |
| टिकासाई घर्ती | सामाजिक विकास समिति संयोजक |
| दुर्गा गौतम | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम संयोजन |

**प्राज्ञिक परामर्श**

| | |
|---|---|
| चन्द्र बहादुर मल्ल | प्र.अ. - श्री रुक्मिणी मा.वि., सिस्ने-५, रुकुमकोट, रुकुम पूर्व |

**पाठ्यक्रम निर्माण तथा लेखन समिति**

| | |
|---|---|
| राम प्रसाद खड्का | संयोजक - शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख |
| मैते घर्ती मगर | सदस्य (वि.व्य.स. अध्यक्ष- श्री महेन्द्र मा.वि., तकसेरा, रुकुम पूर्व) |
| खिम बहादुर बुढा क्षेत्री | सदस्य (प्र.अ. - श्री महेन्द्र मा.वि., तकसेरा, रुकुम पूर्व) |
| रुद्र बहादुर खत्री | सदस्य (प्र.अ. - श्री पर्वत मा.वि., कोल, रुकुम पूर्व) |
| छबिलाल दाहाल | सदस्य (प्र.अ. - श्री पुथा हिमालय मा.वि., मैकोट, रुकुम पूर्व) |
| उशा खड्का | सदस्य (शिक्षिका - श्री सिद्धमण्डली मा.वि., राङ्सी, रुकुम पूर्व) |
| मगेराज घर्ती मगर | सदस्य (शिक्षक - श्री देउराली मा.वि., हुकाम, रुकुम पूर्व) |
| उद बहादुर सुनाम | सदस्य (शिक्षक - श्री जनज्योती मा.वि., जाङ, रुकुम पूर्व) |
| बिपल पुन | सदस्य (प्र.अ. - श्री दुर्गा आ.वि., गर्खानी, रुकुम पूर्व) |
| ऐन्सर पुन | सदस्य (शिक्षक - श्री महेन्द्र मा.वि., तकसेरा, रुकुम पूर्व) |

**सम्पादन**

| | |
|---|---|
| तुलसि चन्द | मा.शि. - श्री पर्वत मा.वि., पुथा उत्तरगङ्गा-१२, कोल, रुकुम पूर्व |

**संस्करण**

प्रथम (वि.सं. २०७९)

**प्रकाशक**

पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्व

**सर्वाधिकार**

पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्व

# भूमिका

शिक्षा एक व्यापक र गतिशील प्रक्रिया हो। शिक्षा मानव विकासको आधारशिला पनि हो। यो एक जीवन पर्यन्त चलिरहने प्रक्रिया हो, जसको माध्यमद्वारा नै व्यक्तिको व्यवहारमा लगातार परिवर्तन हुने गर्दछ। मानिसले आआफ्नो जीवन जिउने क्रममा आर्जन गरेको शिक्षाले नै उसका हरेक क्रियाकलापहरुलाई पथ पदर्शन गरेको हुन्छ। त्यसैले शिक्षा अर्थात ज्ञानलाई मनुष्यको तेस्रो नेत्र पनि भनिन्छ। मानव जीवन सार्थक बनाउनको लागि शिक्षा एक आवश्यक साधन हो। व्यक्तिको व्यक्तित्व विकास देखि लिएर समाज र राष्ट्रको सम्पूर्ण पक्षको विकासको आधार पनि शिक्षा नै हो। त्यसैले नेपाल संविधान २०७२ ले पनि शिक्षा सम्बन्धी हकलाई मौलिक हक रुपमा परिभाषित गरेको छ। शिक्षा सम्बन्धी हकलाई कार्यान्वयन गर्नकालागि विभिन्न ऐन, नियमावली र कार्यविधिहरु तयार भएका छन्। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को विकास भएको छ। हाम्रो मुलुक विविधता युक्त भएका कारण राष्ट्रिय पाठ्यक्रमले सबै विविधताको सम्बोधन गर्न कठीन हुने कुरालाई दृष्टिगत गरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले मुलुकको सङ्घीय संरचना अनुकूल शासकीय स्वरुप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने कुरा उल्लेख गरिएको छ। यसको साथै आधारभूत तह कक्षा १ देखि ८ सम्म स्थानीय विषयवस्तुको लागि छुट्टै पाठ्यघण्टा र कार्यघण्टाको व्यवस्था गरेको छ।

वालबालिकाहरुको अन्तर्निहित प्रतिभाको प्रष्फुटन गराउन र उनीहरुको सर्वाङ्गीण पक्षको विकास गराउन आवश्यक सिकाइ अनुभवहरुको वृहत दस्तावेज पाठ्यक्रम हो। राष्ट्रिय स्तरमा तयार पारिएको पाठ्यक्रमले राष्ट्रको सबै क्षेत्रको विविधतालाई सम्बोधन गर्न कठिन हुने भएकोले स्थानीय विषयवस्तुसँग वालबालिकाहरुलाई परिचित गराउन स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने आधार विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले दिएको छ, सो प्रारुप र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ ले गरेको प्रावधान अनुसार यो स्थानीय पाठ्यक्रम **'हाम्रो पुथा उत्तरगङ्गा'** तयार गरिएको छ। यो पाठ्यक्रम तयार पार्न गाउँ शिक्षा समितिबाट पाठ्यक्रम निर्माण तथा लेखन समिति, विभिन्न उपसमितिहरुको गठन र आवश्यक कार्यशालाहरु सञ्चालन गरिएको छ। कार्यशालामा सरोकारवालाहरुबाट सल्लाह र सुझाव सङ्कलन गर्नुका साथै पाठ्यक्रम निर्माणको लागि आवश्यकताका क्षेत्रहरु पहिचान गरी विज्ञहरुद्वारा पाठ्यक्रम निर्माण गर्ने कार्य पूरा भएको छ।

यस पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका यस पुथा उत्तरगङ्गा गाउँपालिका भित्रको भौगोलिक अवस्थिति, हावापानि, विगतको इतिहास र वर्तमानको अवस्था, जनसङ्ख्या वितरणको अवस्था, सामाजिक मूल्य मान्यता र संस्कृति, पेसा, व्यवसाय र प्रविधि, पर्यटन, विपद् व्यवस्थापन जस्ता पक्षहरुलाई समेटेको छ। पाठ्यक्रममा समावेश गर्न कुनै महत्वपूर्ण कुरा छुटेको भएमा त्यसलाई पाठ्यक्रम परिमार्जन गर्ने समयमा समावेश गरिने छ। यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि पुथा उत्तरगङ्गा गाउँपालिकाका सबै सामुदायिक र संस्थागत विद्यालयहरुमा आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म लागू गरिने छ।

यो स्थानीय पाठ्यक्रम **'हाम्रो पुथा उत्तगङ्गा'** निर्माणको क्रममा खट्नुहुने पाठ्यक्रम निर्माण तथा लेखन समितिका सदस्यहरु, रचनात्मक तथा अमूल्य राय सुझाव दिई पाठ्यक्रमलाई अन्तिम रुप प्रदान गर्नुहुने प्राविधिक सल्लाहकार, अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, प्रधानाध्यापक, शिक्षक, समाजसेवी, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैलाई धन्यवाद दिन चाहन्छु। अन्त्यमा पाठ्यक्रमको कार्यान्वयन गर्दा देखिने कमी कमजोरीहरुलाई औंल्याई परिमार्जन र सुधारकालागि रचनात्मक सल्लाह, सुझाव र पृष्ठपोषण प्रदान गरिदिनुहुन सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध गर्दछु।

पुनीराज घर्ती
अध्यक्ष
पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम (पूर्वी भाग)

# दुई शब्द

**Think Globally, Act Locally**.

विद्यालय स्तरको पाठ्यक्रममा स्थानीय संस्कृति, भाषा, जनजीवन, इतिहास, भूगोल, पेसा, व्यवसाय, पर्यटकीय क्षेत्र जस्ता तमाम विषयवस्तुलाई समेटेर शिक्षालाई अझ जिविकोपार्जन तथा जीवनसँग जोड्ने बृहत् प्रयोजन र स्थानीय तहलाई स्थानीय शिक्षाप्रति जिम्मेवार बनाउने मुख्य अभिप्रायमा आधारित स्थानीय पाठ्यक्रमको प्रावधान उपयोगी र दीर्घकालीन महत्वको विषय हो । स्थानीय पाठ्यक्रमले सिंहदरबारभित्र कैद गरिएको अधिकारलाई ग्रामीण स्तरका जनतासम्म पुर्याउने संविधानको भावनामा उभिएको यो प्रावधानले आधारभूत तह (कक्षा १- ८) का विद्यार्थीहरुलाई आफू जन्मेको, हुर्केको साथैं  बसेको परिवेशबारे जानकारीमात्र दिने गर्दैन, बरु स्थानीय तहका सांस्कृतिक, धार्मिक, आर्थिक, ऐतिहासिक, पेसा, व्यवसाय, विभिन्न रीतिरीवाज लगायत विविध विशेषताहरुको समेत जगेर्ना गर्न स्थानीय पाठ्यक्रमले मुख्य सहयोग गर्दछ । केन्द्रीय स्तरबाट निर्माण गरिएको पाठ्यक्रम बाट स्थानीय स्तरका विभिन्न विषयवस्तुहरुलाई समेटन नसकेको हुँदा स्थानीय पाठ्यक्रम निर्माणकै क्रममा स्थानीय तहले आफ्नो विशेषताहरु समेतको अध्ययन र अनुसन्धान गर्दा धैरै छायाँमा परेका र लुकेर रहेका विषयवस्तु सतहमाआई त्यस्ता विषयवस्तुहरुको संरक्षण, सम्वर्द्धन र प्रस्फुटन हुने अभिप्रायका साथ ' हाम्रो पुथा उत्तरगङ्गा ' नामक पाठ्यक्रम निर्माण गरिएको छ ।

अन्त्यमा यस पुथा उत्तरगङ्गा गाउँपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम 'हाम्रो पुथा उत्तरगङ्गा' नामक स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता, परिवेश र व्यवहारमुखि, स्थानीय ज्ञान, सीप र प्रविधिको विकास, संरक्षण र प्रवर्द्धनमा टेवा पुर्याउनेछ । त्यस्तै स्थानीय रुपमा निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायत समग्र कार्य स्थानीय परिवेशमै गर्न सकिने प्रावधान राखि तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा विभिन्न तह तप्काबाट सहयोग गर्नुहुने जनप्रतिनिधि, गाउँपालिकाका विभिन्न कर्मचारी, सम्पूर्ण विषयविज्ञ, यस गाउँपालिकाका प्रधानाध्यापक, शिक्षकहरु लगायत सबैमा हार्दिक आभार सहित स्थानीय पाठ्यक्रम निर्माणबाट यस पुथा उत्तरगङ्गा गाउँपालिकाको समग्र गतिविधिलाई विषयवस्तुमा समेटन नसकिएका विषयवस्तुहरुलाई पाठ्यक्रम परिमार्जन संस्करणमा समेत समावेश गरिने छ । यस पुथा उत्तरगङ्गा गाउँपालिकाले निर्माण गरेको 'हाम्रो पुथा उत्तरगङ्गा' नामक पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि यस गाउँपालिका भित्रका आधारभूत तह कक्षा १-८ सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागु गरिनेछ । शैक्षिक सत्र २०८० देखि सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा १ र कक्षा ६ को पाठ्यपुस्तक पुग्ने गरी पाठ्यपुस्तक निर्माण कार्य अगाडि बढाइएको छ ।

**धन्यवाद !**

......................

**राम प्रसाद खडका**

**शिक्षा शाखा प्रमुख**

## विषयसूची


| | पेज नं. |
|---|---|
| **१. परिचय** | १ |
| **२. तहगत सक्षमता** | २ |
| **३. कक्षागत सिकाइ उपलब्धि** | |
| कक्षागत सिकाइ उपलब्धि ( कक्षा १-५) | ३ |
| कक्षागत सिकाइ उपलब्धि ( कक्षा ६-८) | ६ |
| **४. विषयवस्तुको क्षेत्र र क्रम** | |
| विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-५) | ९ |
| विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ६-८) | ११ |
| **५. विषयवस्तुको विस्तृतीकरण** | |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – १) | १३ |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – २) | १७ |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – ३) | २२ |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – ४) | २९ |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – ५) | ३५ |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – ६) | ४१ |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – ७) | ४८ |
| विषयवस्तुको विस्तृतीकरण (कक्षा – ८) | ५४ |
| **६. प्रयोगात्मक तथा परियोजना कार्य** | |
| कक्षा ४ | ६१ |
| कक्षा ५ | ६१ |
| कक्षा ६ | ६२ |
| कक्षा ७ | ६३ |
| कक्षा ८ | ६३ |
| **७. सिकाइ सहजीकरण विधि र प्रक्रिया** | |
| कक्षा १-३ को सिकाइ सहजीकरण विधि र प्रक्रिया | ६५ |
| कक्षा ४-८ को सिकाइ सहजीकरण विधि र प्रक्रिया | ६५ |
| **८. विद्यार्थी मूल्याङ्कन** | |
| (क)कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन | ६६ |
| (ख)कक्षा ४-८ मा विद्यार्थी मूल्याङ्कन | ६७ |

**अनुसूचीहरू:** स्थानीय विषयको थिमगत उपलब्धि विवरण (मूल्याङ्कन अभिलेखीकरण फाराम)

**अनुसूची १**

कक्षा १ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**अनुसूची २**

कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**अनुसूची ३**

कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**अनुसूची ४**

अक्षराङ्कन पद्धति

**अनुसूची ५**

विशिष्टीकरण तालिका

## १. परिचय

पाठ्यक्रम सिकाइका लागि तयार गरिएको बृहत योजना हो । पाठ्यक्रमले विद्यार्थी र समाजको आवश्यकता पूरा गर्न सक्नुपर्दछ । नियोजित शिक्षा प्राप्त गर्न अर्थात शिक्षाका उद्देश्य पूरा गर्न पाठ्यक्रमको आवश्यकता हुने गर्दछ । पाठ्यक्रमले नै विद्यालयमा गरिने क्रियाकलापहरुको रुपरेखा तयार गर्ने गर्दछ । पाठ्यक्रमको माध्यमबाट कुन उमेर समूहका बालबालिकालाई कुन स्तरमा कस्तो र कति ज्ञान प्रदान गर्ने भन्ने कुराको ज्ञान हुने गर्दछ । विद्यार्थीहरुका लागि आवश्यक कार्यपुस्तक/ पाठ्यपुस्तक निर्माणको आधार पनि पाठ्यक्रमले नै प्रदान गर्ने गर्दछ ।

स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रमले स्थानीय भूगोल, हावापानी, वातावरण, धर्म, भाषा, संस्कृति, इतिहास, सामाजिक मूल्यमान्यता, जनसङ्ख्या, सिप, पेसा, व्ययसाय, प्रविधि आदिसँग परिचित गराउनुका साथै तिनीहरुको संरक्षण र सम्बद्धन गर्नसमेत सचेत गराउछ । हाम्रो देशमा भौगोलिक, साँस्कृतिक, भाषिक, जातीय आदि जस्ता कुराहरूमा विविधता छ । यस्तो विविधता भएको देशमा केन्द्रीय पाठ्यक्रमले सबै क्षेत्रका सबै विविधताको सम्बोधन गर्न नसक्ने कुरालाई मध्यनजर गर्दै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवधारणा विकास भएको छ । कुनै पनि विद्यालयले १०० पूर्णाङ्कको स्थानीय परिवेश अनुसार मातृभाषा वा स्थानीय विषयको रुपमा अन्य कुनै स्थानीय वातावरण अनुकूलको विषय छनोट गरी पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्नुपर्ने प्रावधान प्राथमिक तह २०४९ को पाठ्यक्रमबाट सुरुवात भएको थियो । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) ले सामाजिक अध्यय, सिर्जनात्मक कला र शारीरिक शिक्षामा  २०% पाठ्यभार स्थानीय विषयवस्तुमा आधारित हुनुपर्ने प्रावधान राखेको थियो । प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ (कक्षा ४-५) ले स्थानीय विषय १२८ घण्टी पठनपाठन गराउने व्यवस्था गरेको थियो । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ (कक्षा ६-८) ले  ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषयको व्यवस्था गरेको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६२ (परिमार्जन २०७१) ले कक्षा १-३ मा ६ पाठ्यभारको स्थानीय विषय, कक्षा ४-५ मा ७ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय र कक्षा ६-८ मा ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषयको व्यवस्था गरेको थियो । पाठ्यक्रम विकास केन्द्रले वि.सं. २०६७ सालमा स्थानीय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री तयार गरेको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले आधारभूत तह (कक्षा १-३) मा मातृभाषिक सिप/ स्थानीय विषयवस्तु सम्बन्धि क्रियाकलापको लागि ५ पाठ्यघण्टा र १६० वार्षिक कार्यघण्टा, आधारभूत तह (कक्षा ४-५) मा मातृभाषा/ स्थानीय विषयकोलागि ४ पाठ्यघण्टा र १२८ वार्षिक कार्यघण्टा र आधारभूत तह (कक्षा ६-८) मा मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषाकोलागि ४ पाठ्यघण्टा र १२८ वार्षिक कार्यघण्टाको व्यवस्था गरेको छ । सो बमोजिम आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, आधारभूत शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ४-५) र आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ मा स्थानीय विषयको व्यवस्था गरिएको छ । यी पाठ्यक्रममा व्यवस्था गरिए बमोजिमको पाठ्यघण्टा र वार्षिक कार्यघण्टा कायम हुने गरी यो स्थानीय पाठ्यक्रमको विकास गरिएको छ ।

पुथा उत्तरगङ्गा गाउँपालिकामा अध्ययनरत आधारभूत तह कक्षा १-८ का बालवालिकाहरुलाई पुथा उत्तरगङ्गाको स्थानीय परिवेश अनुसारको भौगोलिक अवस्थिति, इतिहास, धर्म, भाषा, संस्कृति, जनसङ्ख्या, रहनसहन, सामाजिक मूल्य मान्यतासँग परिचित गराउन सहयोग पुर्याउने उद्देश्यले यो पाठ्यक्रम तयार गरिएको छ । बालबालिकाहरुलाई स्थानीय ज्ञान, सीप र प्रविधिको जानकारी गराउन,  स्थानीय स्रोत र साधनको पहिचान गरी संरक्षण र सम्बर्धन गर्न, विपत् तथा जोखिमबाट बच्ने उपायहरु अपनाउन यो पाठ्यक्रम महत्वपूर्ण रहेको छ ।

## २. तहगत सक्षमता

### कक्षा (१-३) का सक्षमताहरू

१. आफू बसेको टोल, आफ्ना वरपरका टोल तथा गाउँपालिका भित्रका प्रमुख टोलहरू, आफ्नो विद्यालय, आफू वरपरका विद्यालयहरू र पालिकाभित्रका माध्यमिक विद्यालयहरूसँग परिचित हुन
२. आफ्नो वडा नं., वडा केन्द्र र वडा अध्यक्षको नामसँग परिचित हुन
३. जनसङ्ख्या शब्दसँग परिचित हुन
४. आफू भन्दा ठूलालाई आदर सत्कार गर्न, असल बानी व्यवहार निर्माण गर्न, आफ्नो पोशाक, आफ्ना चाडपर्वहरू र चाडपर्वहरूमा बजाइने बाजाहरूसँग परिचित हुन
५. आफ्नो वरपरका प्रमुख खेती, पेसा व्यवसाय र स्थानीय प्रविधिको सामान्य परिचय दिन
६. आफ्नो टोल र वडाका प्रमुख पर्यटकीय स्थलहरूसँग परिचित हुन
७. आफ्नो घर, वरपर हुनसक्ने जोखिम तथा जोखिमका कारणहरू बताउन

### कक्षा (४-५) का सक्षमताहरू

१. आफ्नो वरपर र पालिका भित्रका प्रमुख टोलहरू, माध्यमिक विद्यालयहरू र मुख्य खोला, नदि, ताल, हिमाल आदिसँग परिचित हुन
२. आफ्नो छिमेकी वडा अध्यक्ष, पालिकाका अध्यक्ष र उपाध्यक्ष तथा पालिका भित्रका शहिदहरूसँग परिचित हुन
३. जनसङ्ख्याको सामान्य परिचय दिन
४. आफ्नो चाडपर्वमा खाइने परिकार, आफ्नो भाषा र आफ्नो गाउँटोलमा बसोबास गर्ने जातजातिसँग परिचित हुन
५. पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पेसा व्यवसाय, परम्परागत घरेलु सीप र स्थानीय प्रविधिको आवश्यकता र महत्व बोध गर्न
६. आफ्नो पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरूको सामान्य चिनारी दिन
७. गाउँपालिकाका प्रमुख जोखिमहरूसँग परिचित भइ ति जोखिमबाट बच्ने उपायहरू अबलम्बन गर्न

### कक्षा (६-८) का सक्षमताहरू

१. पुथा उत्तरगङ्गा गाउँपालिकाको परिचय, भौगोलिक अवस्थिति, हावापानी तथा प्राकृतिक स्रोत, साधन र सम्पदाहरूसँग परिचित हुन
२. पुथा उत्तरगङ्गा गाउँपालिकाको ऐतिहासिक अवस्था, पालिका भित्र बसोबास गर्ने जातजातिको ऐतिहासिक पृष्ठभूमी, ऐतिहासिक घटना र गुरिल्ला पदमार्गको परिचय दिन
३. जनसङ्ख्या र जनघनत्वको अवधारणा तथा पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्या वितरणको अवस्था बोध गर्न
४. पुथा उत्तरगङ्गा गाउँपालिकाको सामाजिक मूल्यमान्यता र संस्कृतिको परिचय र महत्व बोध गर्न
५. स्थानीयस्तरका पेसा, व्यवसाय र प्रविधिहरूको पहिचान र महत्वबोध गर्न
६. पर्यटन व्यवसायको महत्व र पुथा उत्तरगङ्गा गाउँपालिकाका पर्यटकीय क्षेत्रहरूको पहिचान गर्न
७. स्थानीय स्तरमा हुनसक्ने विपद्हरुको पहिचान, विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्थापनका उपायहरू अवलम्बन गर्न

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षागत सिकाइ उपलब्धि (कक्षा १-५)**

| क्र.सं. | क्षेत्र/ थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • आफू बसोबास गरेको टोलको नाम बताउन<br>• आफ्नो विद्यालयको नाम बताउन | • आफ्नो छिमेकी टोलको नाम बताउन<br>• छिमेकी विद्यालयको नाम बताउन | • आफ्नो वडाका टोलहरूको नाम बताउन<br>• आफ्नो वडा भित्रका विद्यालयको नाम बताउन | • देखिने सम्मका टोलहरूको नाम बताउन<br>• विद्यालयका प्रकार (आधारभूत र माध्यमिक) बताउन<br>• देखिने डाँडा, खोला, नदि, हिमाल, तालको नाम बताउन | • आफ्नो पालिका भित्रका प्रमुख टोलहरूको नाम बताउन<br>• आफ्नो पालिका भित्रका माध्यमिक विद्यालयहरूको नाम बताउन<br>• पालिका भित्रका मुख्य खोला, नदि, हिमाल, तालको नाम बताउन |
| २ | हाम्रो विगत र वर्तमान | • | • | • आफ्नो वडा नं., वडा केन्द्र र वडा अध्यक्षको नाम बताउन | • आफ्नो छिमेकी वडाका वडा अध्यक्षको नाम बताउन<br>• आफ्नो वडाका शहिदहरूको नाम बताउन | • आफ्नो गाउँपालिकाका पालिका अध्यक्ष र उपाध्यक्षको नाम बताउन।<br>• आफ्नो पालिका भित्रका शहिदहरूको नाम बताउन |

| क्र.सं. | क्षेत्र/ थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| ३ | जनसङ्ख्या | • परिवारका सदस्यहरूको सङ्ख्या बताउन। | • आफ्नो साथीको परिवारको सङ्ख्या बताउन। | • कुनै चार घर परिवारका सदस्यहरुको सङ्ख्या गणना गर्न। | • आफ्नो विद्यालयका विद्यार्थीहरूको सङ्ख्या बताउन। | • जनसङ्ख्याको सामान्य परिचय दिइ छिमेकी पाँच घर परिवारका सदस्यहरूको सङ्ख्या गणना गर्न |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • आफूभन्दा ठूलालाई ढोग नमस्कार गर्न<br>• आफ्नो पोसाकको नाम बताउन। | • परिवार र साथीसँग मिलेर बस्न र सहयोग आदान प्रदान गर्न<br>• गुरु तथा मान्यजनहरूसँग आदर गरी बोल्न<br>• आफूले मनाउने चाडपर्वहरूको नाम बताउन | • असल र चरित्रवान हुनकालागि आवश्यक पर्ने आनीबानी र स्वभावहरू अवलम्बन गर्न<br>• चाडवर्पहरूमा बजाइने बाजाहरूको नाम बताउन | • चाडवर्पहरूमा खाइने परिकारहरूको नाम बताउन। | • आफूले बोल्ने भाषाको परिचय दिन।<br>• आफ्नो गाउँटोलमा बसोबास गर्ने जातजातिको नाम बताउन |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • आफ्नो वरपर पाइने प्रमुख बाली, फलफूल र तरकारीको नाम बताउन<br>• आफ्नो वरपर पालिने पशुपक्षीहरूको नाम बताउन | • आफ्नो वरपर गरिने प्रमुख पेसा व्यवसायहरूको नाम बताउन<br>• स्थानीय सामग्रीबाट निर्मित घरेलु सामग्रीको नाम बताउन। | • आफ्नो वरपर गरिने प्रमुख पेसा व्यवसायहरूको सामान्य परिचय दिन<br>• स्थानीय सामग्रीबाट निर्मित घरेलु सामग्रीको उपयोगिता बताउन। | • पुथा उत्तरगङ्गा गाउँपालिकामा गरिने प्रमुख पेसा व्यवसायहरूको सामान्य परिचय दिन<br>• परम्परागत घरेलु | • कृषि पेसा व्यवसायको आवश्यकता र महत्व बताउन<br>• व्यापार व्यवसायको आवश्यकता र महत्व बताउन<br>• परम्परागत घरेलु |

| क्र.सं. | क्षेत्र/ थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | | • स्थानीय प्रविधिहरूको नाम बताउन | • स्थानीय प्रविधिको सामान्य परिचय दिन | सिपको वर्तमान अवस्था बताउन<br>• स्थानीय प्रविधिको आवश्यकता र महत्व बताउन | सिपहरूको महत्व र संरक्षणका उपायहरू बताउन। |
| ६ | पर्यटन | • आफ्नो टोलका धार्मिक स्थलहरूको नाम बताउन | • आफ्नो टोलका पर्यटकीय स्थलहरूको नाम बताउन | • आफ्नो वडाका पर्यटकीय स्थलहरूको नाम बताउन | • आफ्नो छिमेकी वडाका पर्यटकीय स्थलहरूको नाम बताउन | • आफ्नो पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरूको नाम बताउन |
| ७ | विपद् व्यवस्थापन | • घरायसी जोखिमसँग परिचित हुन | • आफ्नो वरपर हुनसक्ने जोखिम बताउन | • आफ्नो वरपर हुनसक्ने जोखिमका कारणहरू बताउन | • आफ्नो वरपर हुनसक्ने जोखिमबाट सुरक्षित हुनसक्ने उपायहरू बताउन | • गाउँपालिकाका प्रमुख जोखिमहरू र ति जोखिमहरूबाट बच्ने उपायहरू बताउन |

**कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)**

| क्र.सं. | क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- |
| १ | भौगोलिक अवस्था | • पुथा उत्तरगङ्गा गाउँपालिकाको परिचय दिन<br>• गाउँपालिकासँग सिमाना जोडिएका अन्य पालिका/ जिल्लाको नाम बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका वडाहरूको सूची निर्माण गरी वडा केन्द्रहरूको नाम बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख गाउँ तथा बजार क्षेत्रको नाम सूचीकृत गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्राकृतिक स्रोत र साधनहरूको पहिचान गरी त्यसको महत्वबोध गर्न | • पुथा उत्तरगङ्गा गाउँपालिकाको धरातलीय स्वरुपको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको हावापानीको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको हावापानीको प्रकार बताउन<br>• हावापानीलाई प्रभाव पार्ने तत्वहरू बताउन | • पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको वनजङ्गलको परिचय तथा महत्व बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका मुख्य मुख्य जडिबुटीहरूको सूची तयार गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका मुख्य मुख्य जडिबुटीहरूको उपयोगिता र महत्व बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका खानीहरू र तिनीहरूको महत्व बताउन |
| २ | हाम्रो विगत र वर्तमान | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०३२ साल भन्दा अगाडिको इतिहासको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको पहिचान गर्न। | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०३२ साल देखि वि.सं. २०७४ साल सम्मको इतिहासको परिचय दिन<br>• नेपालको ऐतिहासिक एम्बुसको परिचय दिन (पुथा उत्तरगङ्गा गा.पा. ११) | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०७४ साल भन्दा पछाडिको अवस्थाको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बसोबास गर्ने प्रमुख जातजातिहरूको ऐतिहासिक पृष्ठभूमि बताउन। |

| क्र.सं. | क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • तकको प्रहरी चौकी आक्रमणको परिचय दिन | • गुरिल्ला पद मार्गको परिचय दिन | |
| ३ | जनसङ्ख्या | • जनसङ्ख्याको अवधारणा दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्याको अवस्था बताउन | • जनघनत्वको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्या वितरणको अवस्था बताउन | • जनसङ्ख्याको बनावटको अवस्था वर्णन गर्न |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • सामाजिक मूल्यमान्यताको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको सामाजिक मूल्यमान्यताको अवस्था बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा गाइने गीतहरूको अभ्यास गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा नाचिने नाचहरूको अभ्यास गर्न | • आदर र सदभावसँग परिचित भइ त्यसको विकास गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बजाइने बाजाहरूको परिचय दिइ बजाउने अभ्यास गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका नाचमा प्रयोग गरिने भेषभूषाहरूको नाम बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिका गरिने मुख्य मुख्य संस्कारहरूको परिचय दिन | • पुथा उत्तरगङ्गा गाउँपालिकाका मानिसहरूको जीवनशैलीसँग परिचित हुन<br>• स्थानीय स्तरका खेलहरूसँग परिचित भई ति खेलहरूको अभ्यास गर्न<br>• स्थानीयस्तरमा मनाइने चाडपर्वहरूको अवस्था पहिचान गरी त्यसको महत्व बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा लाग्ने मेलाहरू पहिचान गरि मर्यादित तरिकाले मेला मनाउने तरिकाहरू बताउन<br>• पुथा उत्तरगङ्गाका रीतिरिवाजको परिचय दिन |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • पेसा व्यवसायको परिचय दिन | • पुथा उत्तरगङ्गा गाउँपालिकामा | • पुथा उत्तरगङ्गा गाउँपालिकामा गरिने |

| क्र.सं. | क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- |
| | | • पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख व्यवसायहरू बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको शिल्पकलाको परिचय दिन | पशुपालन व्यवसायको महत्व बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा व्यापार व्यवसायको महत्व बताउन | तरकारी खेतीको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका खाद्य तथा फलफूल खेतीको परिचय दिन |
| ६ | पर्यटन | • पर्यटन व्यवसायको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पर्यापर्यटकीय स्थलहरूको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका युद्ध पर्यटकीय स्थलहरूको परिचय दिन | • पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको महत्व बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पर्यापर्यटकीय स्थलहरूको महत्व बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका युद्ध पर्यटकीय स्थलहरूको महत्व बताउन | • पुथा उत्तरगङ्गा गाउँपालिकाका पर्यटन व्यवसायमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरू अपनाउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनका उपायहरू बताउन |
| ७ | विपद् व्यवस्थापन | • विपदको अवधारणा दिन<br>• विपदका प्रकारहरू बताउन | • आगलागी हुने कारण र आगलागीबाट बच्ने उपायहरू बताउन<br>• सवारी दुर्घटनाका कारण र सवारी दुर्घटनाबाट बच्ने उपायहरू बताउन | • पहिरो जाने कारण र पहिरोबाट बच्ने उपाय बताउन<br>• हिमपातबाट हुने जोखिमबाट बच्ने उपायहरू बताउन |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

**विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-५)**

| क्र.सं. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • हाम्रो टोल<br>• हाम्रो विद्यालय | • हाम्रा छिमेकी टोलहरू<br>• हाम्रा छिमेकी विद्यालयहरू | • हाम्रो वडाका टोलहरू<br>• हाम्रो वडाका विद्यालयहरू | • हाम्रो वरपरका टोलहरू<br>• विद्यालयका प्रकार<br>• हाम्रो वरपरका प्राकृतिक सम्पदाहरू | • हाम्रो पालिका भित्रका प्रमुख टोलहरू<br>• हाम्रो पालिका भित्रका माध्यमिक विद्यालयहरू<br>• हाम्रो पालिका भित्रका मुख्य प्राकृतिक सम्पदाहरू |
| २ | हाम्रो वितग र वर्तमान | • | • | • हाम्रो वडा अध्यक्ष | • हाम्रो छिमेकी वडा अध्यक्ष<br>• हाम्रो वडाका शहिदहरू | • हाम्रो पालिकाका अध्यक्ष र उपाध्यक्ष<br>• हाम्रो पालिका भित्रका शहिदहरू |
| ३ | जनसङ्ख्या | • हाम्रो परिवारका सदस्यहरूको सङ्ख्या | • आफ्नो साथीको परिवारका सदस्यहरूको सङ्ख्या | • हाम्रो टोलका चार घर परिवारका सदस्यहरुको सङ्ख्या | • हाम्रो विद्यालयका विद्यार्थीहरूको सङ्ख्या | • जनसङ्ख्या |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • आदर सत्कार<br>• मेरो पोसाक | • मेलमिलाप र सरसहयोग<br>• आदर सत्कार | • अनुशासन<br>• बाजाहरू | • चाडवर्पहरू | • भाषा<br>• जातजाति |

| क्र.सं. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | | • हाम्रा चाडपर्वहरू | | | |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • कृषि व्यवसाय<br>• पशुपालन व्यवसाय | • पेसा व्यवसायहरू<br>• घरेलु सामग्री<br>• स्थानीय प्रविधिहरू | • पेसा व्यवसायहरूको परिचय<br>• घरेलु सामग्रीको उपयोगिता<br>• स्थानीय प्रविधि | • पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पेसा व्यवसायहरू<br>• परम्परागत घरेलु सिपको वर्तमान अवस्था<br>• स्थानीय प्रविधि | • कृषि पेसा व्यवसायको आवश्यकता र महत्व<br>• व्यापार व्यवसायको आवश्यकता र महत्व<br>• परम्परागत घरेलु सिपहरूको महत्व र संरक्षणका उपायहरू |
| ६ | पर्यटन | • हाम्रा धार्मिक स्थलहरू | • हाम्रा पर्यटकीय स्थलहरू | • हाम्रो वडाका पर्यटकीय स्थलहरू | • हाम्रो छिमेकी वडाका पर्यटकीय स्थलहरू | • हाम्रो गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरू |
| ७ | विपद् व्यवस्थापन | • घरायसी जोखिमहरू | • हाम्रो वरपरका जोखिमहरू | • जोखिमका कारणहरू | • जोखिमबाट सुरक्षित हुनसक्ने उपायहरू | • गाउँपालिकाका प्रमुख जोखिमहरू र ति जोखिमहरूबाट बच्ने उपायहरू |

**विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ६-८)**

| क्र.सं. | क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • पुथा उत्तरगङ्गा गाउँपालिकाको परिचय<br>• गाउँपालिकासँग सिमाना जोडिएका अन्य पालिका/ जिल्लाको नाम<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका वडाहरू<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख गाउँ तथा बजार क्षेत्रहरू<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्राकृतिक स्रोत र साधनहरू | • पुथा उत्तरगङ्गा गाउँपालिकाको धरातलीय स्वरुप<br>• पुथा उत्तरगङ्गाको हावापानी<br>• पुथा उत्तरगङ्गाको हावापानीको प्रकार<br>• हावापानीलाई प्रभाव पार्ने तत्वहरू | • पुथा उत्तरगङ्गाको वनजङ्गल<br>• पुथा उत्तरगङ्गाका जडिबुटीहरू<br>• पुथा उत्तरगङ्गाका जडिबुटीहरूको उपयोगिता र महत्व<br>• पुथा उत्तरगङ्गाका खानीहरू |
| २ | हाम्रो विगत र वर्तमान | • पुथा उत्तरगङ्गाको वि.सं. २०३२ साल भन्दा अगाडिको इतिहास<br>• पुथा उत्तरगङ्गाका जातजातिहरू<br>• प्रहरी चौकी आक्रमण | • पुथा उत्तरगङ्गाको वि.सं. २०३२ साल देखि वि.सं. २०७४ साल सम्मको इतिहास<br>• ऐतिहासिक एम्बुस<br>• गुरिल्ला पद मार्ग | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०७४ साल भन्दा पछाडिको अवस्था<br>• पुथा उत्तरगङ्गाका प्रमुख जातजातिहरूको ऐतिहासिक पृष्ठभूमि |
| ३ | जनसङ्ख्या | • जनसङ्ख्याको अवधारणा<br>• पुथा उत्तरगङ्गाको जनसङ्ख्या | • पुथा उत्तरगङ्गाको जनघनत्व<br>• पुथा उत्तरगङ्गाको जनसङ्ख्या वितरण | • जनसङ्ख्याको बनावट |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • सामाजिक मूल्यमान्यता | • आदर र सदभाव | • पुथा उत्तरगङ्गाको जीवनशैली |

| क्र.सं. | क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | • पुथा उत्तरगङ्गामको सामाजिक मूल्यमान्यता<br>• पुथा उत्तरगङ्गाका गीतहरू<br>• पुथा उत्तरगङ्गाका नाचहरू | • पुथा उत्तरगङ्गाका बाजाहरू<br>• पुथा उत्तरगङ्गाको नाचका भेषभूषाहरू<br>• पुथा उत्तरगङ्गाका संस्कारहरु | • पुथा उत्तरगङ्गाका परम्परागत खेलहरू<br>• पुथा उत्तरगङ्गाका चाडपर्वहरू<br>• पुथा उत्तरगङ्गाका प्रचलित मेलाहरू<br>• पुथा उत्तरगङ्गागङ्गाको रितीरिवाज |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • पेसा व्यवसाय<br>• पुथा उत्तरगङ्गाका प्रमुख पेसा व्यवसायहरू<br>• पुथा उत्तरगङ्गाको शिल्पकला | • पुथा उत्तरगङ्गाको पशुपालन व्यवसाय<br>• पुथा उत्तरगङ्गाको व्यापार व्यवसाय | • पुथा उत्तरगङ्गाको तरकारी खेती<br>• पुथा उत्तरगङ्गाको खाद्य तथा फलफूल खेती |
| ६ | पर्यटन | • पर्यटन व्यवसाय<br>• पुथा उत्तरगङ्गाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरू<br>• पुथा उत्तरगङ्गाका प्रमुख पर्यापर्यटकीय स्थलहरू<br>• पुथा उत्तरगङ्गाका युद्ध पर्यटकीय स्थलहरू | • पुथा उत्तरगङ्गाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको महत्व<br>• पुथा उत्तरगङ्गाका प्रमुख पर्यापर्यटकीय स्थलहरूको महत्व<br>• पुथा उत्तरगङ्गाका युद्ध पर्यटकीय स्थलहरूको महत्व | • पुथा उत्तरगङ्गाका पर्यटन व्यवसायका समस्या र समाधानका उपायहरू<br>• पुथा उत्तरगङ्गाका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनका उपायहरू |
| ७ | विपद् व्यवस्थापन | • विपद<br>• विपदका प्रकारहरू | • आगलागी<br>• सवारी दुर्घटना | • पहिरो<br>• हिमपात |

## ५. विषयवस्तुको विस्तृतीकरण

### विषयवस्तुको विस्तृतीकरण (कक्षा १)

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • आफू बसोबास गरेको टोलको नाम बताउन<br>• आफ्नो विद्यालयको नाम बताउन | • आ आफ्नो टोलको नाम (जस्तैः बारागर, सिउरम, तक, बाछिगाउँ, घुम्लिबाङ)<br>• आ आफ्नो विद्यालयको नाम (जस्तै : श्री जनता आवि तकसेरा) | • सिकाइ सिप<br>• अवलोकन सिप | • आ आफ्नो टोलको नाम भन्ने अभ्यास गराउने<br>• हाम्रो विद्यालयको नाम के होला ? भनी प्रश्न गर्ने र विद्यार्थीहरूलाई भन्न लगाउने र आफूले पनि पटक पटक भनेर सँगसँगै उनीहरूलाई पनि भन्न लगाउने ।<br>• विद्यालयको नाम लेखिएको साइन वोर्ड देखाएर विद्यालयको नाम पढ्न लगाउने र त्यो हाम्रो विद्यालयको नाम हो भनी बताइदिने | • तिम्रो टोलको नाम भन ?<br>• हाम्रो विद्यालयको नाम भन ? | ३० |
| २ | हाम्रो विगत र वर्तमान | • | | | | | |
| ३ | जनसङ्ख्या | • परिवारका सदस्यहरूको सङ्ख्या बताउन । | • आ आफ्नो परिवारको सङ्ख्या | • सिकाइ सिप<br>• स्वतन्त्र सिकाइ | • तपाईको परिवारमा को को हुनुहुन्छ ? भनी प्रश्न गर्ने, भन्न लगाउने, गन्न लगाउने र तपाईको घर परिवारको सङ्ख्या यो हो भनि बताइदिने । | • तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ? सङ्ख्या भन्नुहोस् । | २० |
| ४ | सामाजिक | • आफूभन्दा ठूलालाई | • आफूभन्दा ठूला बा, | • प्रयोग सिप | • तपाईहरूले ककसलाई ढोग | • तपाईले ककसलाई | ३५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | मूल्यमान्यता र संस्कृति | ढोग नमस्कार गर्न । <br>• आफ्नो पोसाकको नाम बताउन । | आमा, बाजे, बज्यै, गुरु, गुरुआमा आदि <br>• आ आफ्नो पोसाकको नाम (जस्तै: सर्ट, पाइन्ट आदि) | • सिकाइ सिप <br>• सञ्चार सिप <br>• सहनशीलता र खुलापन | नमस्कार गर्नुहुन्छ ? भनी प्रश्न गर्ने र विद्यार्थीबाट आएको उत्तरलाई सेतोपाटीमा टिपोट गर्ने । विद्यार्थीहरूले ढोग गर्नुपर्ने व्यक्तिहरूको सूची बनाई प्रष्ट पारिदिने । <br>• तपाईहरूले के के लगाउनु भएको छ ? नाम भन्न लगाउने र यि तपाईहरूका पोसाकहरू हुन भनी प्रष्ट पारिदिने । | ढोग गर्नुहुन्छ? ककसलाई नमस्कार गर्नुहुन्छ ? बताउनुहोस् । <br>• तपाईले लगाएका पोशाकको नाम बताउनुहोस् । | |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • आफ्नो वरपर पाइने प्रमुख बाली, फलफूल र तरकारीको नाम बताउन <br>• आफ्नो वरपर पालिने पशुपक्षीहरूको नाम बताउन | • आफ्नो वरपर पाइने प्रमुख बाली (मकै, गहुँ, जौ, भटमास, उवा, फापर, आलु, कोदो) <br>• आफ्नो वरपर पाइने फलफूल (स्याउ, सुन्तला, ओखर, आरु, आरुवखडा, कागती) <br>• आफ्नो वरपर पाइने तरकारी (आलु, सिमी, बोडी, करेला, पिडालु, | • सिकाइ सिप | • तपाईहरूले बारीमा उम्रेको के के देख्नुभएको छ ? फलफूल के के खानु भएको छ ? तरकारी के के फलेको/ उम्रेको देख्नुभएको छ ? भनी प्रश्न गर्ने र शिक्षकले सेतोपाटीमा टिपोट गरी अन्नबाली, फलफूल र तरकारी यो यो हुन भनि बताइदिने । <br>• तपाईहरूको घरमा कुन कुन जनावर र पन्छीहरू पाल्नु भएको छ ? भनी प्रश्न गर्ने र विद्यार्थीहरूले दिएको | • तपाईको घरमा पाइने कुनै तीन वटा अन्नबालीहरूको नाम बताउनुहोस् ? <br>• तपाईको घरमा पाइने कुनै तीन वटा तरकारीबालीहरूको नाम बताउनुहोस् ? <br>• कुनै तीन वटा फलफूलहरूको नाम बताउनुहोस् ? | ३५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | साग, फर्सी, बन्दा, काउली, सिस्नो, मूला)<br>● आफ्नो वरपर पालिने जनावरहरू (भेडा, बाख्रा, सुँगुर, गाई, भैसी, घोडा, खच्चर, खरायो, कुकुर, बिरालो)<br>● आफ्नो वरपर पालिने पन्छीहरू (हाँस, कुखुरा, परेवा, टर्की) | | उत्तरका आधारमा आफूले पनि थपेर घरपालुवा जनावर र पन्छीहरूको बारेमा बताइदिने । | ● कुनै तीन वटा घरपालुवा जनावरहरूको नाम बताउनुहोस् ?<br>● कुनै दुईवटा घरपालुवा पक्षीहरूको नाम बताउनुहोस् ? | |
| ६ | पर्यटन | ● आफ्नो टोलका धार्मिक स्थलहरूको नाम बताउन | ● आआफ्नो टोलका धार्मिक स्थलहरू (चर्च, सिद्धबराह, डिग्रे मन्दिर, मस्टाथान, रामाजिमा, नम्छैंगों बराहथान, सिद्धाथान आदि) | ● सिकाइ सिप<br>● समस्या समाधान सिप | ● तपाईका घर वरपर भएका मठमन्दिर, चर्च आदिको नाम भन्नुहोस् भनी बताउन लगाउने, छुटेका कुराहरू शिक्षकले थपेर यिनीहरू सबै धार्मिक स्थलहरू हुन भनी बताइदिने । | ● तपाईको वरपर भएका धार्मिक स्थलहरूको नाम बताउनुहोस् ? | २० |
| ७ | विपद् व्यवस्थापन | ● घरायसी जोखिमसँग परिचित हुन | ● घर, टोल वरपर घट्न सक्ने दुर्घटनाहरू<br>● घरायसी जोखिमहरू आगो, हतियार, विद्युत, छत, सिंढी, बार्दली, | ● स्वव्यवस्थापन सिप | ● घरमा पाइने चक्कु, हसिया जस्ता सामग्रीहरू चलाउँदा, रुख चढ्दा, भिरमा जाँदा ....... के हुन सक्छ ? भनी छलफल गर्ने गराउने<br>● घर, टोल, बाटो वा अन्य क्षेत्रमा | ● | २० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | विषादी, सलाई, लाईटर, ग्याँस, पशुवस्तु आदि। | | घट्न सक्ने दुर्घटनाहरू व्यक्तिगत र सामूहिक रुपमा भन्न लगाउने। | | |

**विषयवस्तुको विस्तृतीकरण (कक्षा २)**

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • आफ्नो छिमेकी टोलको नाम बताउन<br>• छिमेकी विद्यालयको नाम बताउन | • आ आफ्नो छिमेकी टोलका नामहरू (जस्तै: तकको छिमेकी टोल बाछिगाउँ, तल्लो सेराको छिमेकी टोल उपल्लो सेरा)<br>• आफ्नो विद्यालयबाट नजिक रहेका अन्य विद्यालयहरूको नाम (जस्तै: आधारभूत विद्यालय विर्गुमको छिमेकी विद्यालय आ आधारभूत विद्यालय पद्मी, आधारभूत विद्यालय पिपलटुङ, आधारभूत विद्यालय बाछीगाउँ | • सिकाइ सिप<br>• अवलोकन सिप | • विद्यार्थीहरूलाई छिमेकी गाउँको नाम भन्न लगाउने र विद्यार्थीले भनेका गाउँहरूमा थप गाउँको नाम सहित शिक्षकले प्रष्ट पारिदिने ।<br>• हाम्रो छिमेकी विद्यालय को को होलान् ? भनी प्रश्न गर्ने, विद्यार्थीहरूलाई भन्न लगाउने र विद्यार्थीको उत्तरलाई समर्थन गर्दै छिमेकी विद्यालयहरूको तालिका प्रस्तुत गरी स्पष्ट पारिदिने । | • तपाईका कुनै दुई छिमेकी गाउँहरूको नाम बताउनुहोस् ।<br>• तपाईको विद्यालयबाट नजिक रहेका कुनै दुईवटा छिमेकी विद्यालयहरूको नाम बताउनुहोस् । | ३० |
| २ | हाम्रो वितग र वर्तमान | • | • | • | • | • | |
| ३ | जनसङ्ख्या | • आफ्नो साथीको | • आआफ्नो साथीको | • सिकाइ सिप | • तपाईको साथीको नाम के हो ? | • तपाईको साथीको | १८ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | परिवारको सङ्ख्या बताउन | परिवारको सङ्ख्या गन्न लगाई जनसङ्ख्याको धारणा | ● स्वतन्त्र सिकाइ | तपाईको परिवारमा को को हुनुहुन्छ ? भनी छलफल गराई साथिको परिवारको सङ्ख्याबाट जनसङ्ख्याको धारणा दिने । | नाम के हो ?<br>तपाईको साथीको परिवारमा कति जना सदस्य हुनुहुन्छ ? | |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | ● परिवार र साथीसँग मिलेर बस्न र सहयोग आदान प्रदान गर्न<br>● गुरु तथा मान्यजनहरूसँग आदर गरी बोल्न<br>● आफूले मनाउने चाडपर्वहरूको नाम बताउन | ● परिवार र साथी समूहसँगको बसाई र सहयोग (परिवारका सदस्यले अह्याएको काम मान्ने र साथीहरूसँग मिलेर खेल्ने, खाने र पढ्ने साथै कामकाजमा सहयोग गर्ने ।<br>● आदर सम्मान (गुरु तथा मान्यजनसँग हजुर तथा शिष्टाचार जनाउने शब्दको प्रयोग)<br>● आआफ्ना चाडपर्वको नाम (माघी, साउने सङ्क्रान्ती, मङ्सिरे सङ्क्रान्ति, बल पूजा, दशै, तिहार, होली, | ● प्रयोग सिप<br>● सिकाइ सिप<br>● सञ्चार सिप<br>● सहनशीलता र खुलापन | ● परिवार र साथी समूहसँग मिलेर बसेको, सहयोग गरेको चित्र चार्ट प्रदर्शन गरी छलफल गराउने र परिवारका सदस्यहरूले अह्याएको काम मान्न, साथीहरूसँग मिलेर बस्न, खेल्न र खाना तथा कामकाजमा सहयोग गर्न प्रेरित गर्ने ।<br>● गुरुले पढाउनु भयो? , बाबा आउनु भयो? आमाले खाना खानुभयो ? दिदी घर जानुभयो ? दिदीले पानी ल्याउनुभयो? आदि जस्ता वाक्यहरू लेखिएको चार्ट प्रस्तुत गरी गुरु तथा मान्यजनहरूलाई शिष्टाचार जनाउने शब्दहरू प्रयोग गर्न प्रेरित गर्ने । | ● तपाई को को सँग मिलेर बस्नुहुन्छ ?<br>● परिवार र साथी समूहसँग मिलेर बस्न के के गर्नुपर्छ ?<br>● तपाई ककसलाई आदर गर्नुहुन्छ ?<br>● गुरु तथा मान्यजनसँग बोल्दा प्रयोग गरिने कुनै तीनवटा आदरार्थी शब्दहरूको नाम बताउनुहोस् ।<br>● तपाईले मनाउने कुनै दुईवटा चाडपर्वहरूको नाम बताउनुहोस् । | ३८ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | क्रिसमस डे, तीज आदि) | | ● तपाईहरूले मनाउने चाडपर्वहरू के के हुन् ? भनी छलफल गर्ने । स्थानीय स्तरका चाडपर्वहरूको सूची बनाई स्पष्ट पारिदिने । | | |
| ५ | पेसा, व्यवसाय र प्रविधि | ● आफ्नो वरपर गरिने प्रमुख पेसा व्यवसायहरूको नाम बताउन<br>● स्थानीय सामग्रीबाट निर्मित घरेलु सामग्रीको नाम बताउन ।<br>● स्थानीय प्रविधिहरूको नाम बताउन | ● हाम्रो वरपर गरिने पेसा व्यवसायहरू (खाद्य बाली, फलफूल तथा तरकारी खेती, पशुपालन, व्यापार, होटेल, नोकरी, आरण, गहनाको कालिगढी आदि)<br>● स्थानीय सामग्रीबाट निर्मित घरेलु सामग्रीहरू ( काम्लो,खादी, राडी, फेरुवा, डोको, नाम्लो, जाबो, दाम्लो, मान्द्रो, सुवो, कोक्रो, डालो, ठूइलो, पेटारो, खुर्पेटो, घुम, चटकी, गुन्द्री, राङ्गिलो, स्याँकू, झर्नो, | ● सिकाइ सिप | ● तपाईको वरपरका मानिसहरूले के के काम गर्छन् ? भनी प्रश्न गर्ने, छलफल गर्ने र शिक्षकले सेतोपाटीमा सूचि बनाई प्रस्तुत गर्ने र आफ्नो वरपर गरिने प्रमुख पेसा व्यवसायको नाम भन्ने र लेख्ने अभ्यास गराउने ।<br>● विद्यार्थीहरूलाई आआफ्नो घरमा भएका स्थानीय सामग्रीहरूबाट निर्मित सामग्रीहरू भन्न लगाउने र छुट भएका सामग्रीहरू थप गरी शिक्षकले स्थानीय सामग्रीबाट निर्मित घरेलु सामग्रीहरूको सूची प्रस्तुत गर्ने ।<br>● विद्यार्थीहरूलाई स्थानीय स्तरमा उपलब्ध हुने प्रविधिहरू ढिकी, जाँतो, घट्ट, सिलौटा,ओखल, | ● तपाईको गाउँघरमा गरिने कुनै ४ वटा पेसा व्यवसायहरूको नाम भन्नुहोस् ।<br>● तपाईको घर वरपर स्थानीय सामग्रीहरूबाट बनाइएका कुनै ४ वटा स्थानीय सामग्रीहरूको नाम लेख्नुहोस् ।<br>● तपाईले देखेका वा घरवरपर भएका कुनै पाँच वटा स्थानीय प्रविधिहरूको सूची बनाउनुहोस् । (सिकाई उपलब्धि | ३८ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | अब्जर, ठेकी, मधानी, तर् आदि)<br>● स्थानीय प्रविधि (ढिकी, जाँतो, घट्ट, सिलौटा,ओखल, हाते कोल, जाल, कुरेलो, झुलो ठस्के, घटालो, ओर्दो, पिल, स्यौंपा आदि) | | हाते कोल, जाल, कुरेलो, झुलो ठस्के, घटालो, ओर्दो, पिल, स्यौंपा आदि जस्ता वास्तविक वस्तुहरू देखाएर वा चित्र, चार्ट, श्रव्यदृष्य सामग्री फिल्म, फुटेज देखाएर स्थानीय प्रविधिहरूका नाम भन्ने अभ्यास गराउने। (आआफनो वरपर भएका मात्र) | पूरा हुने गरि स्थानीय प्रविधि देखाएर नाम भन्न लगाएर पनि मूल्याङ्कन गर्न सकिने छ।) | |
| ६ | पर्यटन | ● आफ्नो टोलका पर्यटकीय स्थलहरूको नाम बताउन | ● आआफ्नो टोलमा भएका पर्यटकीय स्थलहरू जस्तै : मैकोटकालागि पुथा हिमाल, फल्नै र गर्खानीकोलागि सिद्धबराह थान, सेराकोलागि छेरापाङ्गा पहिलो एम्बुस स्थल, तकको लागि रामाझिमा, नाखा राङ्सीको लागि नमरतिला दह, चारगाउँ | ● सिकाइ सिप<br>● समस्या समाधान सिप | ● विद्यार्थीहरूलाई आआफ्नो टोलमा भएका मठमन्दिर, नदि, ताल, हिमालको नाम भन्न लगाउने र छुटेका पर्यटकीय स्थलहरूको नाम थप गरी यि हाम्रा टोलका पर्यटकीय स्थलहरू हुन भनी स्पष्ट पारिदने। | ● तपाईको टोलमा भएका कुनै चारवटा पर्यटकीय स्थलहरूको नाम बताउनुहोस्। | १८ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | जाड, खाराबाडकोलागि लालपाटन, मैकोट पेल्मा र डिम्मुरगैराको लागि तातोपानी, खाराबाडको लागि रक्तकुण्ड आदि ) | | | | |
| ७ | विपद् व्यवस्थापन | • आफ्नो वरपर हुनसक्ने जोखिमहरूको नाम बताउन | • टोल वरपर घट्न सक्ने दुर्घटनाहरू जस्तै: खोलामा बग्नु, आगोले पोल्नु, पानीमा डुब्नु, रुख र भिरबाट लड्नु, गाडिले किच्नु, हिमपात, हुरीबतास, विद्युत् आदि | • स्वव्यवस्थापन सिप | • शिक्षकले आफ्नो गाउँघरमा घटेका कुनै अप्रिय घटना प्रस्तुत गरि त्यसको बारेमा विद्यार्थीहरू बीच छलफल गराउने र यस्ता सम्भाव्य घटनाहरूको सूची बनाई विपतका नाम स्पष्ट पारिदिने। | • तपाईको वरपर हुनसक्ने कुनै पाँचवटा जोखिमहरूको नाम लेख्नुहोस्। | १८ |

**विषयवस्तुको विस्तृतीकरण (कक्षा ३)**

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • आफ्नो वडाका प्रमुख टोलहरूको नाम बताउन<br>• आफ्नो वडा भित्रका विद्यालयहरूको नाम बताउन | • आ आफ्नो वडाका मुख्य गाउँहरू जस्तै वडा नं. ८ का मुख्य गाउँहरू गराली, खराङ्, खारखोला, गुङ, जाङ<br>• आआफ्नो वडाका विद्यालय जस्तै वडा नं. ५ का विद्यालयहरू श्री देउराली मावि हुकाम, आवि गर, आवि काजरजङ, आवि उर्ज्याङ, आवि फूलबाङ, वालविकास केन्द्र खोरातिबाङ | • सिकाइ सिप<br>• अवलोकन सिप | • विद्यार्थीहरूलाई आफ्नो वडाका विभिन्न ठाउँहरूको नाम भन्न लगाई छलफल गर्ने र शिक्षकले टिपोट गरी लामो सूची बनाउने। त्यस सूचीबाट आफ्नो वडाको प्रमुख टोलहरूको नाम बताउने र विद्यार्थीहरूलाई भन्ने अभ्यास गराउने। सूची, चार्ट, भिडियो देखाएर आफ्नो वडाका प्रमुख टोलहरूको नाम स्पष्ट पारिदिने।<br>• सबै विद्यार्थीहरूलाई हाम्रो विद्यालयको नाम के हो ? भनी प्रश्न गरी नाम भन्न लगाउने। हाम्रो वरपर अरुपनि विद्यालय छन् ? प्रश्न गरी छलफल गर्ने र खोज्न लगाउने। आफ्नो वडाका विद्यालयको नाम र ठेगाना उल्लेख गरिएको चार्ट प्रस्तुत गरी थप स्पष्ट पार्ने। | • तपाईको वडाका कुनै तीनवटा प्रमुख टोलहरूको सूची बनाउनुहोस्।<br>• तपाईका वडाका सबै विद्यालयहरूको नाम लेख्नुहोस्। | ३० |
| २ | हाम्रो विगत र वर्तमान | • आफ्नो वडा नं., वडा केन्द्र र वडा | • आफ्नो वडा नं. , वडा केन्द्र र वडा अध्यक्षको | • | • विद्यार्थीहरूलाई आफ्नो वडा कार्यालयमा लैजाने र वडा | • तपाईको वडा अध्यक्षको नाम के | १५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्षको नाम बताउन | नाम | | अध्यक्षसँग परिचय गराउने। वडा नं. र वडा केन्द्रको नाम वडाको साइन वोर्ड हेर्न र पढ्न लगाइ आआफ्नो कापीमा टिप्न लगाउने। आवश्यकता भएमा शिक्षकले थप स्पष्ट पारिदिने। | हो ?<br>• तपाई कति नं. वडामा बस्नुहुन्छ ?<br>• तपाईको वडा केन्द्रको नाम बताउनुहोस्। | |
| ३ | जनसङ्ख्या | • कुनै चार घर परिवारका सदस्यहरुको सङ्ख्या गणना गर्न। | • कुनै चार घर परिवारको सङ्ख्याको आधारमा जनसङ्ख्याको धारणा दिने। | • सिकाइ सिप<br>• स्वतन्त्र सिकाइ | • विद्यार्थीहरूलाई परियोजना कार्यको रुपमा विद्यालय नजिकका कुनै चार घरको जनसङ्ख्या जनगणना गर्न लगाई जनसङ्ख्याको धारणा स्पष्ट पारिदिने। | • आफ्ना छिमेकी कुनै चार घर परिवारको सङ्ख्या बताउनुहोस्। | १५ |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • असल र चरित्रवान हुनकालागि आवश्यक पर्ने आनीबानी र स्वभावहरू अवलम्बन गर्न<br>• चाडवर्पहरूमा बजाइने बाजाहरूको नाम बताउन | • असल र चरित्रवान हुनकालागि आवश्यक पर्ने आनिबानी र स्वभावहरू जस्तै: सत्य बोल्ने, शिष्ट बोल्ने, आज्ञाकारी, मृदुभाषी, सहयोगी, ठूलाको आदर सानालाई माया र आफूसमानलाई मित्रवत | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहनशीलता र खुलापन | • विद्यार्थीहरूलाई घर परिवार तथा विद्यालयमा असल र चरित्रवान हुनको लागि आवश्यक पर्ने राम्रा व्यवहारहरू तथा शील स्वभावहरूको बारेमा कक्षामा छलफल गराउँदै सोही अनुसार व्यवहार अवलम्बन गराउने।<br>• विद्यार्थीहरूलाई पालैपालो चाडपर्वहरूमा बजाइने | • असल र चरित्रवान बन्नकालागि आवश्यक पर्ने आनीबानी र स्वभावहरूको सूची बनाउनुहोस्।<br>• चाडपर्वमा मनाइने बाजाहरूको सूची तयार गर्नुहोस्। | ३० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | व्यवहार आदि<br>● चाडपर्वमा बजाइने बाजाहरू जस्तै: मादल, दमाहा, सनई, बाँसुरी, झ्याली, ढ्याङ्ग्रो, नरसिङ्गा, क्यासीयो आदि | | बाजाहरूका नाम भन्न लगाउने र बाजाहरूको सूची तयार गर्ने। बाजाहरूको चित्र चार्ट प्रस्तुत गरि शिक्षकले थप स्पष्ट पारिदिने। | | |
| ५ | पेसा, व्यवसाय र प्रविधि | ● आफ्नो वरपर गरिने प्रमुख पेसा व्यवसायहरूको सामान्य परिचय दिन<br>● स्थानीय सामग्रीबाट निर्मित घरेलु सामग्रीको उपयोगिता बताउन।<br>● स्थानीय प्रविधिको सामान्य परिचय दिन | ● आफ्नो वरपरका पेसा व्यवसायहरू कृषि (खाद्यबाली, तरकारी र फलफूल खेती, मौरीपालन, माछापालन), व्यापार, नोकरी आदिमध्ये आफ्नो वरपर गरिने सामान्य पेसाहरूको मात्र परिचय<br>● स्थानीय सामग्रीबाट निर्मित सामग्रीहरू (काम्लो,खादी, राडी, फेरुवा, डोको, नाम्लो, | ● सिकाइ सिप | ● विद्यार्थीहरूलाई आफ्नो वरपर गरिने पेसा व्यवसायहरू कृषि, व्यापार, नोकरी, बैदेशिक रोजगार आदि भन्न लगाउने। शिक्षकले सूची बनाइ प्रमुख पेसा व्यवसायहरूको सामान्य परिचय दिने।<br>● स्थानीय सामग्रीबाट निर्मित घरेलु सामग्रीहरूको सूची चार्ट प्रस्तुत गरी तिनीहरूको उपयोगिता भन्न लगाउने र सूचीबद्ध गरी स्थानीय घरेलु सामग्रीहरूको उपयोगिता बताइदिने।<br>● स्थानीय सामग्रीबाट निर्मित | ● तपाईको घर वरपर गरिने कुनै पेसा व्यवसायहरूको सूची बनाई कुनै तीनवटा सामान्य परीचय दिनुहोस्।<br>● तपाईको घर वरपर पाइने स्थानीय सामग्रीहरूको नाम लेखि कुनै चारवटाको उपयोगिता लेख्नुहोस्।<br>● तपाइको घर वरपर | ४० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | जाबो, दाम्लो, मान्द्रो, सुवो, कोक्रो, डालो, ठूइलो, पेटारो, खुर्पेटो, घुम, चटकी, गुन्द्री, राङ्गिलो, स्याँकू, झर्नो, अब्जर, ठेकी, मधानी, नारा, मोकरो, तर् आदि)<br>• स्थानीय प्रविधि (ढिकी, जाँतो, घट्ट, सिलौटा,ओखल, हाते कोल, जाल, कुरेलो, झुलो ठस्के, घटालो, ओर्दो, पिल, स्यौंपा आदि) | | सामग्रीहरू (डोको, नाम्लो, कोक्रो आदि) को चित्र चार्ट प्रस्तुत गरी तिनीहरूको बारेमा भन्न लगाउने र विद्यार्थीले भनेका कुराहरूलाई समेटेर शिक्षकले स्थानीय प्रविधिको सामान्य परिचय दिने । | पाइने स्थानीय प्रविधिहरूको सामान्य परिचय दिनुहोस् । | |
| ६ | पर्यटन | • आफ्नो वडाका पर्यटकीय स्थलहरूको नाम बताउन | • आआफ्नो वडाका पर्यटकीय स्थलहरू जस्तै वडा नं. १ का पर्यटकीय स्थलहरू पुथा हिमाल, पुपाल ताल, हान्पा डाँडा, मस्टाथान, रानीवन, सिद्धाथान | • सिकाइ सिप<br>• समस्या समाधान सिप | • विद्यार्थीहरूलाई आफ्नो वडामा भएका पर्यटकीय स्थलहरू जस्तै हिमाल, ताल, नदि, झरणा आदिको नाम भन्न लगाउने । शिक्षकले तिनीहरूसहीत छुटेका पर्यटकीय स्थलहरूको सूची तयार गरी भन्ने र लेख्ने अभ्यास गर्ने । | • आफ्नो वडामा भएमा पर्यटकीय स्थलहरूको सूची तयार पार्नुहोस् । | १५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | आदि। वडा नं. २ का पर्यटकीय स्थलहरू तातोपानी, ढुङ्गेझाँक्री, स्याउ बगैचा आदि। वडा नं. ३ को सूनदह, रानीवन आदि । वडा नं. ४ का रिखे झरणा, गुर्जा झरणा, सिद्धथान, बराहथान, धोंसो खोँच। वडा नं. ५ का नम्छैंगों बराहथान, रिमुलघारी, सिद्ध बराहथान, गौथली गुफा, वनजङ्गल। वडा नं. ६ का तातोपानी, राम्लाफाँट, वनजङ्गल आदि। वडा नं. ७ का रिखेपानी झरणा, देउथान, पञ्चथान, सिद्धथान, माल्झोल ताल। वडा नं. ८ का अङ्गाउ, लालपाटन, रुपगाड छहरा। वडा नं. | | | | |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | ९ को प्रभु गुफा, रातो दह, लालपाटन । वडा नं. १० का नर्सिङ हिमाल, रामाजिमा, माछेमूल, तकसेरा गाउँ। वडा नं. ११ को चौरी हिमाल, सन्दपान कुँङ (गुफा)। वडा नं. १२ को सून कुँङ, क्यूवाङ। वडा नं. १३ को बिर्गुम दह, तातोपानि, बिर्गुम तामाखानी। वडा नं १४ को नरमकिला दह, ढुङ्गेगोरे, झाँक्रिगेल, सिसा कुँङ, सेपे टावर, गुँरासे, परेवाजहाँज झरणा आदि | | | | |
| ७ | विपद् व्यवस्थापन | • आफ्नो वरपर हुनसक्ने जोखिमका कारणहरू बताउन | • आफ्नो वरपर हुनसक्ने जोखिमका कारणहरू जस्तै :प्राकृतिक कारणहरू भूकम्प, हुरीबतास, हिमपात | • स्वव्यवस्थापन सिप | • विद्यार्थीहरूलाई आफ्नो वरपर हुनसक्ने जोखिमहरू भन्न लगाइ तिनको कारणहरू बारेमा छलफल गराउने र शिक्षकले प्राकृतिक र मानव निर्मित जोखिमहरूको सूची | • तपाईको वरपर हुन सक्ने प्राकृतिक जोखिमका कारणहरू के के हुन् ? | १५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | आदि र मानव निर्मित आगलागि, सडक दुर्घटना, चोट पटक आदि) | | चार्ट तयार पारी थप स्पष्ट पारिदिने । | ● तपाईको वरपर हुनसक्ने मानव निर्मित जोखिमका कारणहरू के के हुन् ? | |

**विषयवस्तुको विस्तृतीकरण (कक्षा ४)**

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • देखिने सम्मका टोलहरूको नाम बताउन<br>• विद्यालयका प्रकार बताउन<br>• देखिने डाँडा, खोला, नदि, हिमाल, तालको नाम बताउन | • आफ्नो गाउँदेखि देखिने वरपरका मुख्य टोलहरूका नाम जस्तै: कोल गाउँबाट देखिने टोलहरू पद्मी, फल्नै । बाच्छिगाउँबाट देखिने गाउँहरू तक, तल्लो सेरा, उपल्लो सेरा आदि ।<br>• विद्यालयका प्रकारहरू जस्तै : आधारभूत र माध्यमिक<br>• आफ्नो गाउँदेखि देखिने वरपरका भएका डाँडा, खोला, नदि, हिमाल, ताल आदिका नाम | • सिकाइ सिप<br>• अवलोकन सिप | • प्रत्येक विद्यार्थीहरूलाई आफ्नो वरपरका टोलहरूको नाम भन्न लगाई आफ्नो कापीमा लेख्न लगाउने ।<br>• विद्यार्थीहरूलाई वरपर रहेका विद्यालयहरूमध्ये कुन विद्यालयमा कति कक्षासम्म पढाई हुन्छ होला ? ति विद्यालयहरूको नाम के के होला ? जस्ता प्रश्नहरूमा छलफल गराई आधारभूत र माध्यमिक विद्यालयका प्रकारको बारेमा धारणा स्पष्ट पारिदिने ।<br>• आआफ्नो टोलका विद्यार्थीहरूको समूह विभाजन गर्ने । प्रत्येक समूहलाई आफ्नो टोलदेखि वरपर रहेका र टोलबाट देख्न सकिने वरपरका डाँडा, खोला, नदि, हिमाल, ताल, जङ्गल, झरणा आदि प्राकृतिक सम्पदाको नाम छलफल गरी टिपोट गर्न गलाउने र प्रत्येक समूहबाट एक एक जना | • तपाईको टोलबाट देख्न सकिने टोलहरूको सूची बनाउनुहोस् ।<br>• विद्यालयहरू कति प्रकारका छन् ?<br>• तपाईको वरपर रहेका प्राकृतिक सम्पदाहरू डाँडा, खोला, नदि, हिमाल, ताल, जङ्गल, झरणा आदिको सूची बनाउनुहोस् । | ३० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | विद्यार्थीलाई भन्न लगाउने। | | |
| २ | हाम्रो विगत र वर्तमान | • आफ्नो छिमेकी वडाका वडा अध्यक्षको नाम बताउन<br>• आफ्नो वडाका शहिदहरूको नाम बताउन | • आफ्नो वडाका छिमेकी वडा अध्यक्षको नाम। जस्तै:<br>१ नं. विरमान कामी<br>२ नं. जस बहादुर श्रीपाली<br>३ नं. बन बहादुर बुढा<br>४ नं. सूर बहादुर वि.क.<br>५ नं. टिकासाई घर्ती<br>६ नं. शंखे सेन<br>७ नं. चित्र बहादुर बुढा<br>८ नं. पुर्ण मल्ल (शाही)<br>९ नं. हर्क प्रसाद रोका<br>१० नं. भरत बुढा<br>११ नं. लयन बुढा<br>१२ नं. दिलमान पुन<br>१३ नं. शिविसन सिर्पाली<br>१४ नं. द्रवेश बुढा<br>• आफ्नो वडाका | • सिकाइ सिप | • विद्यार्थीहरूलाई छिमेकी वडाका वडा अध्यक्षहरूको नाम क्रमैसँग लिएर उहाँलाई तपाईहरूले चिन्नुहुन्छ ? उहाँले के काम गर्नुहुन्छ ? भनेर छलफल गर्ने र अन्त्यमा चार्ट प्रस्तुत गरी उहाँहरू छिमेकी फलानो फलानो वडाको वडा अध्यक्ष हुनुहुन्छ भनेर बताइदिने र टिपोट गर्न लगाउने।<br>• आफ्नो वडाका शहिदहरूको फोटा (नाम सहितको) देखाउँदै ति शहिदहरूको बारेमा केही कुरा बताइदिने। | • तपाईको छिमेकी वडाका वडा अध्यक्षको नाम बताउनुहोस्।<br>• तपाईको वडामा रहेका शहिदहरूको नाम भन्नुहोस्। | १५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | शहिदहरूको नाम ।<br>जस्तै : | | | | |
| ३ | जनसङ्ख्या | • आफ्नो विद्यालयका विद्यार्थीहरूको सङ्ख्या बताउन । | • आआफ्नो विद्यालयका विद्यार्थीहरूको जम्मा सङ्ख्या ।<br>• IEMIS Software | • सिकाइ सिप<br>• स्वतन्त्र सिकाइ | • IEMIS Software को सहायताले आआफ्नो विद्यालयमा भएका छात्र, छात्रा , जम्मा विद्यार्थी सङ्ख्या, विगतको जम्मा विद्यार्थी सङ्ख्याको बारेमा बताइदिने । | • तपाईको विद्यालयमा जम्मा विद्यार्थी सङ्ख्या कति छ ? | १० |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • चाडवर्पहरूमा खाइने परिकारहरूको नाम बताउन । | • चाडपर्वमा खाइने परिकारहरूको नाम जस्तै : मासु, रोटी, सेलरोटी, खीर, म: म: , तरुल, खिर्चो, साउटो, कुराउनी आदि । | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहनशीलता र खुलापन | • शिक्षकले पुथा उत्तरगङ्गामा मनाइने चाडपर्वहरूको नाम लिएर ति चाडपर्वहरूमा के के खानेकुराहरू खाइन्छ भनेर विद्यार्थीहरूमा छलफल गराई ति खानेकुराहरूका नामहरू टिप्न लगाउने । | • माघि पर्वमा कुन कुन परिकारहरू खाइन्छ ? | १३ |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • पुथा उत्तरगङ्गा गाउँपालिकामा गरिने प्रमुख पेसा व्यवसायहरूको सामान्य परिचय दिन<br>• परम्परागत घरेलु | • पुथा उत्तरगङ्गामा गरिने प्रमुख पेसा व्यवसायहरू जस्तै: कृषि, पशुपालन, व्यापार, सिलाईबुनाई, वैदेशिक रोजगार आदिको सामान्य | • सिकाइ सिप | • विद्यार्थीहरूलाई आआफ्नो गाउँका मानिसहरूले के के काम गर्छन् ? भनी छलफल गराउने र ति मानिसहरूले गर्ने कामको आधारमा कृषि, पशुपालन, व्यापार, सिलाइबुनाइ, वैदेशिक | • पुथा उत्तरगङ्गा गाउँपालिकामा गरिने प्रमुख पेसा व्यवसायहरूको नाम लेखी ति पेसा व्यवसायको बारेमा | ३० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | सिपको वर्तमान अवस्था बताउन<br>● स्थानीय प्रविधिको आवश्यकता र महत्व बताउन | परिचय ।<br>● परम्परागत घरेलु सीप जस्तैः राडीपाखी बुन्ने, जाबो बुन्ने, डोको नाम्लो बुन्ने आदिको अवस्था ।<br>● स्थानीय प्रविधिको आवश्यकता र महत्व । | | रोजगार आदि जस्ता पुथा उत्तरगङ्गामा गरिने प्रमुख पेसाहरूको बारेमा बताइदिने ।<br>● के राडीपाखी बनाउन लागेको , डोको बनाउन लागेको, दाम्लो बनाउन लागेको देख्नुभएको छ ? कहाँका मानिसहरूले बनाउनुहुन्छ ? जस्ता आदि परम्परागत घरेलु सिपसँग सम्बन्धित प्रश्नहरूमा छलफल गराउने र त्यसको वर्तमान अवस्थाको बारेमा बताइदिने ।<br>● जातो, पानीघट्ट, हलो, कोल आदि जस्ता स्थानीय प्रविधिहरूका चित्रहरू प्रस्तुत गर्ने, अवलोकन गर्न लगाउने, अवलोकन भ्रमण गराउने र ति प्रविधिहरूको आवश्यकता र महत्वको बारेमा छलफल गराउने । | लेख्नुहोस् ।<br>● परम्परागत घरेलु सिपहरू के के हुन् सूची बनाउनुहोस् ।<br>● स्थानीय प्रविधि (जस्तैः जाँतो, पानीघट्ट, हलो, कोल आदि) को आवश्यकता र महत्व के छ ? | |
| ६ | पर्यटन | ● आफ्नो छिमेकी वडाका पर्यटकीय स्थलहरूको नाम | ● आफ्नो छिमेको वडाका पर्यटकीय स्थलहरू जस्तैः | ● सिकाइ सिप<br>● समस्या समाधान सिप | ● आफ्नो छिमेकी वडामा रहेका हेर्नलाएक पर्यटकीय स्थलहरू के के छन् छलफल गराउने, चित्र | ● तपाईको छिमेकी वडामा भएका पर्यटकीय | २० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | बताउन | वडा नं. ५ का पर्यटकीय स्थलहरू नम्छैगो गुफा, सियस झरणा, जल्पा हिमाल, नम्छौगो ताल आदि ।<br>वडा नं. १० का पर्यटकीय स्थलरु भल्ठाछाँरा झरणा, नर्सिङ् हिमाल, खाँगर हिमाल, भृकुटी हिमाल, उत्तरगङ्गा नदि आदि<br>वडा नं. ११ का पर्यटकीय स्थलहरू छेरापाङ्गा कुँ (गुफा) सन्दपान कुँ (गुफा), ताजछारा झरणा, बाजछारा झरणा, चौरी हिमाल, दम्चन खोलाआदि<br>वडा नं. १३ का पर्यटकीय स्थलहरू शिव गुफा, जाँगर छहरा | | प्रस्तुत गरी अवलोकन गराउने, अवलोकन भ्रमण गराउने । | स्थलहरूको नाम बताउनुहोस् । | |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | झरणा, बराह (बिर्गुम) ताल, बिर्गुम तामा खानी आदि | | | | |
| ७ | विपद् व्यवस्थापन | • आफ्नो वरपर हुनसक्ने जोखिमबाट सुरक्षित हुनसक्ने उपायहरू बताउन | • आफ्नो वरपर हुनसक्ने जोखिमहरू जस्तै: रुख, भिर आदिबाट लड्नु, नदीमा डुब्नु, आगोले पोल्नु, जनावरले टोक्नु, सडक दुर्घटना हुनु आदिबाट बच्ने उपायहरू | • स्वव्यवस्थापन सिप | • आफ्नो वरपर हुनसक्ने जोखिमहरू र ति जोखिमहरूबाट कसरी सुरक्षित हुन सकिएला भन्ने बारेमा छलफल गराइ जोखिम र त्यसबाट सुरक्षित हुने उपायहरू विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने। | • तपाईको वरपर के कस्ता जोखिमहरू रहेका छन्, ति जोखिमहरूबाट सुरक्षित हुन के के गर्नुपर्ला ? | १० |

**विषयवस्तुको विस्तृतीकरण (कक्षा ५)**

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • आफ्नो पालिका भित्रका प्रमुख टोलहरूको नाम बताउन<br>• आफ्नो पालिका भित्रका माध्यमिक विद्यालयहरूको नाम बताउन<br>• पालिका भित्रका मुख्य खोला, नदि, हिमाल, तालको नाम बताउन | • पुथा उत्तरगङ्गा भित्रका प्रमुख टोलहरू जस्तै: हुकाम, मैकोट, चारगाउँ,तकसेरा, कोल, नाखा राङ्सी, जाङ, खाराबाङ, रन्मा, अर्जल, मयाङ, पेल्मा आदि ।<br>• पालिका भित्रमा मा.वि. हरू जस्तै: पर्वत मावि कोल, महेन्द्र मावि तकसेरा, सिद्धमण्डली मावि राङ्सी, जनसहयोग मावि रिवाङचौर, जनज्योती मावि जाङ्, देउराली मावि हुकाम, पुथा हिमालय मावि मैकोट र आदर्श मावि खाराबाङ आदि<br>• पालिका भित्रका मुख्य | • सिकाइ सिप<br>• अवलोकन सिप | • पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख टोलहरू के के हुन् भनी विद्यार्थीहरूमा छलफल गराई सेतोपाटीमा शिक्षकले टिप्दै जाने र छुटेका मुख्य टोलहरू पनि थपेर शिक्षकले बताइदिने ।<br>• पालिका भित्रका माध्यमिक विद्यालयहरू नाम भन्न लगाउने, माध्यमिक विद्यालयहरूको नाम चार्ट प्रस्तुत गर्ने र विद्यालयको बारेमा बताइदिने ।<br>• विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूह छलफलबाट पुथा उत्तरगङ्गा भित्रका मुख्य खोला, नदि, हिमाल, तालको नाम लिस्ट तयार गर्न लगाउने र प्रत्येक समूहबाट एकजना विद्यार्थीलाई आफ्नो समूहमा तयार गरेको कुरा भन्न लगाएर शिक्षकले सेतोपाटीमा टिपोट गर्दै जाने र छुटेका कुराहरू थपेर बताइदिने । | • तपाईको पालिका भित्रका प्रमुख टोलहरूको सुची तयार पार्नुहोस् ।<br>• तपाईको पालिका भित्रका माध्यमिक विद्यालयहरूको नाम लेख्नुहोस् ।<br>• तपाईको पालिकाका प्रमुख प्राकृतिक सम्पदाहरू जस्तै: खोला, नदि, ताल, हिमाल आदिको सुची तयार पार्नुहोस् । | ३० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | प्राकृतिक सम्पदाहरू जस्तै: पुवाङ खोला, तिला खोला,सानो भेरी, उत्तरगङ्गा, पुथा हिमाल, सुन दह, बिर्गुम दह, नरमतिला दह, लालपाटन, ढोरपाटन सिकार आरक्ष आदि । | | | | |
| २ | हाम्रो विगत र वर्तमान | • आफ्नो गाउँपालिकाका पालिका अध्यक्ष र उपाध्यक्षको नाम बताउन ।<br>• आफ्नो पालिका भित्रका शहिदहरूको नाम बताउन | • पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका शहिदहरू | • सिकाइ सिप | • पालिकाका अध्यक्ष र उपाध्यक्षको फोटो देखाएर, नाम भनेर उहाँहरू को हुनुहुन्छ भनी सोधपुछ गर्ने र अन्त्यमा उहाँहरू पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष हुनुहुन्छ भनी बताइदिने । पूर्व अध्यक्ष र उपाध्यक्षको नामको बारेमा पनिमा छलफल गर्ने ।<br>• हाम्रो पालिका भित्र को को शहिद भएका छन् भनी छलफल गर्ने र पालिकाका शहिदहरूको चार्ट प्रस्तुत गरी पालिकाका शहिदहरूको बारेमा बताइदिने । | • हाल पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नाम बताउनुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिका भित्र कति जना शहिदहरू हुनुहुन्छ ? सुचि तयार पार्नुहोस् । | १५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ३ | जनसङ्ख्या | • जनसङ्ख्याको सामन्य परिचय दिइ छिमेकी पाँच घर परिवारका सदस्यहरूको सङ्ख्या गणना गर्न | • आआफ्नो छिमेकीका पाँच घर परिवारका सदस्यहरू | • सिकाइ सिप<br>• स्वतन्त्र सिकाइ | • एकजना विद्यार्थीलाई उठाएर तपाईको छिमेकीमा ककसका घरहरू छन् भनी प्रश्न सोधी पाँचवटा घरहरू भन्न लगाउने र उत्तरलाई शिक्षकले सेतोपाटीमा टिपोट गर्दै जाने । जस्तै: ठूलो बाबाको घर, स्यामको घर .... आदि । ठूलो बाबाको घरमा को को सदस्य हुनुहुन्छ ? भनि प्रश्न सोध्ने । उत्तर टिपोट गर्दै जाने र परिवारका सदस्यहरू गणना गर्न लगाउने । त्यसैगरी अन्य घरपरिवारका सदस्यहरू भन्न लगाई टिपोट गरेर गणना गर्न लगाउने र अन्त्यमा पाँच घर परिवारका सदस्यहरूको सङ्ख्या जम्मा गर्न लगाइ जनसङ्ख्याको धारणा स्पष्ट पारिदिने । त्यसपछि सवै विद्यार्थीहरूलाई त्यसैगरी आआफ्ना छिमेकी पाँच घर परिवार सदस्यहरूको सङ्ख्या गणना गर्न लगाउने । | • तपाईका छिमेकी पाँचघर सदस्यहरूको सङ्ख्या गणना गरी लेख्नुहोस् । | १० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • आफूले बोल्ने भाषाको परिचय दिन ।<br>• आफ्नो गाउँटोलमा बसोबास गर्ने जातजातिहरूको नाम बताउन | • आआफ्ना भाषाहरू जस्तै: खाम, नेपाली<br>• आआफ्नो गाउँटोलमा बसोबास गर्ने जातजातिका नामहरू | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहनशीलता र खुलापन | • विद्यार्थीहरूले बोल्ने भाषाका सम्बन्धमा कक्षाकोठामा छलफल गर्ने र सो भाषाको बारेमा थप बताइदिने ।<br>• विद्यार्थीहरूलाई आआफ्नो टोलमा बसोबास गर्ने जातजातिहरूको नाम भन्न लगाउने र शिक्षकले सेतोपाटीमा टिपोट गर्दै जाने र छुटेका जातजातिहरू थपेर बताइदिने । | • तपाईले बोल्ने भाषाको परिचय दिनहोस् ।<br>• तपाईको गाउँटोलमा बसोबास गर्ने जातजातिको सुची तयार पार्नुहोस् । | १३ |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • कृषि पेसा व्यवसायको आवश्यकता र महत्व बताउन<br>• व्यापार व्यवसायको आवश्यकता र महत्व बताउन<br>• परम्परागत घरेलु सिपहरूको महत्व र संरक्षणका उपायहरू बताउन । | • कृषि पेसा व्यवसायको आवश्यकता र महत्व<br>• व्यापार व्यवसायको आवश्यकता र महत्व<br>• परम्परागत घरेलु सिपहरूको महत्व र संरक्षणका उपायहरू | • सिकाइ सिप | • कृषि पेसासँग सम्बन्धित चित्र चार्ट प्रस्तुत गर्ने, नजिकमा कृषि फर्म भएमा अवलोकन भ्रमण गराउने र त्यसबाट हुने लाभ, त्यसको आवश्यकता र महत्वको बारेमा छलफल गराउने ।<br>• व्यापार व्यवसाय अन्तर्गत गाउँटोलका मानिसहरूले गर्ने क्रियाकलापहरूको बारेमा छलफल गराई त्यसको आवश्यकता र महत्वको बारेमा | • कृषि पेसाका कुनै दुई वटा आवश्यकता र महत्व बताउनुहोस् ।<br>• व्यापार व्यवसायका कुनै दुईवटा आवश्यकता र महत्व बताउनुहोस् ।<br>• परम्परागत घरेलु सिपहरूको संरक्षण गर्न के गर्नुपर्ला ? | ३० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | बताइदिने ।<br>• परम्परागत घरेलु सीपको सुचि तयार गर्ने र ति सीपहरूले समुदायका मानिसहरूलाई पुर्याएको सहयोगको बारेमा छलफल गराई ति सीपहरूको महत्व र संरक्षणका उपायहरूको बारेमा बताइदिने । | | |
| ६ | पर्यटन | • आफ्नो पालिका भित्रका प्रमुख पर्यटकीय स्थलहरूको नाम बताउन | • पुथा उत्तरगङ्गाका पर्यटकीय स्थलहरू जस्तै: पुथा हिमाल, ढोरपाटन सिकार आरक्ष, हिल पार्क, लालपाटन, नरमटिला दह, सुन दह, सेपे टावर, चौरी हिमाल, उत्तरगङ्गा नदी, छेरापाङ्गा कु, सन्दपान कुँ, बराह ताल, शिव गुफा आदि | • सिकाइ सिप<br>• समस्या समाधान सिप | • पुथा उत्तरगङ्गाका प्रमुख पर्यटकीय स्थलहरूको चित्र प्रस्तुत गर्ने, अवलोकन भ्रमण गराउने र चार्ट प्रस्तुत गरी ति पर्यटकीय स्थलहरूको बारेमा बताइने । | • पुथा उत्तरगङ्गाका कुनै पाँचवटा प्रमुख पर्यटकीय स्थलहरूको सूची तयार पार्नुहोस् । | २० |
| ७ | विपद् | • गाउँपालिकाका | • पुथा उत्तरगङ्गाका | • स्वव्यवस्थापन | • पुथा उत्तरगङ्गाका प्रमुख | • पुथा उत्तरगङ्गाका | १० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | प्रमुख जोखिमहरू र ति जोखिमबाट बच्ने उपायहरू बताउन | प्रमुख जोखिमहरू र ति जोखिमहरूबाट बच्ने उपायहरू | सिप | जोखिमहरूको सूची तयार पार्ने। जस्तै: सडक दुर्घटना, हिउ पर्नु, पहिरो जानु, रुख र भिरबाट लड्नु, नदिमा डुब्नु, आगलागी हुनु आदि ।<br>● ति प्रत्येक जोखिमबाट बच्न के के गर्न सकिने उपायहरूको बारेमा छलफल गराउने। | कुनै ३ वटा जोखिमहरू लेखी ति जोखिमबाट बच्न अपनाउनु पर्ने उपायहरू लेख्नुहोस् । | |

**विषयवस्तुको विस्तृतीकरण (कक्षा ६)**

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • पुथा उत्तरगङ्गा गाउँपालिकाको परिचय दिन<br>• गाउँपालिकासँग सिमाना जोडिएका अन्य पालिका/ जिल्लाको नाम बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका वडाहरूको सूची निर्माण गरी वडा केन्द्रहरूको नाम बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख गाउँ तथा बजार क्षेत्रको नाम सूचीकृत गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्राकृतिक स्रोत र | • पुथा उत्तरगङ्गा गाउँपालिकाको नाम, सिमाना, वडा सङ्ख्या, वडा केन्द्र, प्रमुख गाउँहरू जस्तै: मैकोट, हुकाम, तक, सेरा, कोल, नाखा राङ्सी, चार गाउँ, जाङ, त्रिवेणी, खाराबाङ् आदि र प्रमुख बजार क्षेत्रहरू जस्तै: तकसेरा, गर, जामाबगर, मैकोट, डिम्मर गैरा, जाङ चारगाउँ आदि<br>• पुथा उत्तरगङ्गा गाँपालिकाका वनजङ्गल, नदि, ताल, झरणा, हिमाल, खानी, वन्यजन्तु, चराचुरङ्गी आदि | • सिकाइ सिप<br>• अवलोकन सिप<br>• प्रयोग सिप<br>• समस्या समाधान सिप<br>• सञ्चार सिप | • पुथा उत्तरगङ्गा गाउँपालिकाको नक्सा प्रस्तुत गरी गाउँपालिकाको नामाकरण, नक्साको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेका अन्य जिल्ला/ पालिकाहरूको जानकारी गराउने । नक्सा र चार्टको सहायताले पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका वडाहरू, वडाका केन्द्र, मुख्य गाउँहरू र प्रमुख बजार क्षेत्रको जानकारी गराउने ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्राकृतिक स्रोत र साधनको चित्र, भिडियो प्रस्तुत गर्ने, अवलोकन भ्रमण गराउने, सोधपुछ गर्ने र त्यसको महत्वको बारेमा छलफल गराउने । | • पुथा उत्तरगङ्गा गाउँपालिकाको चारवटै सिमानामा रहेका जिल्ला/ पालिकाहरूको सूची तयार पार्नुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका प्राकृतिक स्रोत र साधनहरूको सूची तयार गरी ति स्रोत र साधनहरूको महत्व लेख्नुहोस् । | ३५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | साधनहरूको पहिचान गरी त्यसको महत्वबोध गर्न | | | | | |
| २ | हाम्रो विगत र वर्तमान | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०३२ साल भन्दा अगाडिको इतिहासको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको पहिचान गर्न ।<br>• तकको प्रहरी चौकी आक्रमणको परिचय दिन | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०३२ साल भन्दा अगाडिको राजनैतिक विभाजन, राणाकालिन, पञ्चायतकालीन र प्रजातान्त्रिक व्यवस्था<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरू पुन, बुढा, घर्ती, रोका, झाँक्रि, दशनामी, छन्त्याल आदि<br>• तकको प्रहरी चौकी आक्रमणको परिचय | • सक्रियतापूर्वक सुन्ने सिप | • वि.सं. २०३२ साल भन्दा पहिले पुथा उत्तरगङ्गा गाउँपालिकाको राजनैतिक विभाजन, राणाकालिन, पञ्चायतकालिन र प्रजातान्त्रिक व्यवस्थामा सामाजिक, आर्थिक र राजनैतिक अवस्थाको बारेमा परिचय दिने ।<br>• विद्यार्थीहरूलाई समूहमा विभाजन गरी पुथा उत्तरगङ्गा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको सूची तयार गर्न लगाउने र प्रत्येक समूहबाट एकजनालाई समूहले तयार पारेको सूची भन्न लगाई सेतापाटी टिपोट गर्दै जाने र छुटेका जातजातिहरू थपिदिने ।<br>• आक्रमणमा परेको तकको प्रहरी चौकीको फोटा प्रस्तुत गरी | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०३२ साल भन्दा अगाडिको इतिहासको परिचय दिनुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको सूची तयार पार्नुहोस् ।<br>• तकको प्रहरी चौकी आक्रमणको परिचय दिनुहोस् । | १५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | छलफल गराएर प्रहरी चौकी आक्रमणको परिचय दिने। | | |
| ३ | जनसङ्ख्या | • जनसङ्ख्याको अवधारणा दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्याको अवस्था बताउन | • जनसङ्ख्याको अवधारणा<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको कुल जनसङ्ख्या, महिला, पुरुषको सङ्ख्या | • सिकाइ सिप<br>• स्वतन्त्र सिकाइ | • जनसङ्ख्याको बारेमा छलफल गराई जनसङ्ख्याको अवधारणा दिने।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्यासम्बन्धि तालिका प्रस्तुत गरी अध्ययन गर्न लगाएर पालिकाको कुल जनसङ्ख्या, महिला र पुरुषको सङ्ख्या टिपोट गर्न लगाउने। | • जनसङ्ख्याको अवधारणा दिनुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको महिला, पुरुष र कुल जनसङ्ख्या के कति रहेको छ ? लेख्नुहोस्। | १५ |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • सामाजिक मूल्यमान्यताको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको सामाजिक मूल्यमान्यताको अवस्था बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा गाइने | • सामाजिक मूल्यमान्यताको परिचय<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका सामाजिक मूल्यमान्यताहरू जस्तैः अनुशासित बानी व्यवहार, आदर सत्कार गर्नु, परिश्रम गर्नु आदि<br>• पुथा उत्तरगङ्गा | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहनशीलता र खुलापन<br>• सांस्कृतिक सिप<br>• बहुसांस्कृतिक साक्षरता सिप | • समाज भनेको के हो ? समाजले के कुरालाई मूल्य दिएको हुन्छ ? समाजमा के कस्ता कुराहरू मान्य हुन्छन् ? के कस्ता कुरालाई समाजमा नराम्रो मानिन्छ ? आदि जस्ता प्रश्नहरू छलफल गराएर सामाजिक मूल्य र मान्यताको परिचय दिने।<br>• पुथा उत्तरगङ्गाका सामाजिक मूल्यमान्यताको बारेमा छलफल | • सामाजिक मूल्यमान्यता भनेको के हो ?<br>• पुथा उत्तरगङ्गाका सामाजिक मूल्यमान्यताको अवस्था बताउनुहोस् ।<br>• पुथा उत्तरगङ्गामा गाइने कुनै एउटा गीत | २० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | गीतहरूको अभ्यास गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा नाचिने नाचहरूको अभ्यास गर्न | गाउँपालिकामा नाचिने नाचहरू जस्तैः भूमे, पैसेरु, सिँगारु, डिग्रे, झोरेनी, फाङ्का, झाम्रे, फराउटे, धङ्गे आदि | | गराउने ।<br>• पुथा उत्तरगङ्गामा गाइने गीतहरू गाउने अभ्यास गराउने ।<br>• पुथा उत्तरगङ्गागङ्गा नाचिने नाचहरूको अभ्यास गराउने | गाउनुहोस् ।<br>• पुथा उत्तरगङ्गामा नाचिने कुनै एक नाच देखाउनुहोस् । | |
| ५ | पेसा, व्यवसाय र प्रविधि | • पेसाको व्यवसायको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख व्यवसायहरू बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको शिल्पकलाको परिचय दिन | • पेसाको व्यवसायको परिचय<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख व्यवसायहरू<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको शिल्पकला | • सिकाइ सिप<br>• प्राविधिक साक्षरता सिप | • विद्यार्थीहरूलाई आआफ्नो घरमा बाबु, आमा, दाजु, दिदी आदिले के के काम गर्नुहुन्छ भनी प्रश्न सोध्ने र उनीहरूले दिएको उत्तरलाई सेतोपाटीमा टिपोट गर्ने । उनिहरूले भनेको कामको आधारमा पेसा व्यवसायको परिचय दिने ।<br>• पुथा उत्तरगङ्गाका धैरैजसो मानिसहरूले गर्ने पेसासँग सम्बन्धित चित्र प्रस्तुत गर्ने, छलफल गराउने ।<br>• विद्यार्थीहरूलाई घरमा बाँस, काठ, फलाम आदिबाट बनेका सामग्रीहरूको सूची तयार गर्न | • पेसा व्यवसायको परिचय दिनुहोस् ।<br>• पुथा उत्तर गाउँपालिकाका प्रमुख व्यवसायहरू के क हुन् ?<br>• शिल्पकलाको परिचय दिनुहोस् । | १३ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | लगाउने, सामग्रीहरूका चित्र प्रस्तुत गर्ने, सामग्री देखाउने, अवलोकन गर्न लगाउने । ति सामग्रीहरू के कसरी बनाइन्छ होला ? कसले बनाउँछ होला ? भन्ने बारेमा छलफल गराएर शिल्पकलाको परिचय दिने । | | |
| ६ | पर्यटन | • पर्यटन व्यवसायको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पर्यापर्यटकीय स्थलहरूको परिचय दिन<br>• पुथा उत्तरगङ्गा | • पर्यटन व्यवसायको परिचय<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरू<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पर्यापर्यटकीय स्थलहरू<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका युद्ध पर्यटकीय स्थल | • सिकाइ सिप<br>• समस्या समाधान सिप | • पर्यटन भनको के हो ? पर्यटकहरू किन र के कालागि आउने गर्दछन् ? उनिहरू कहाँ बस्ने गर्छन् ? जस्ता आदि प्रश्नहरूमा छलफल गराएर पर्यटन व्यवसायको परिचय दिने ।<br>• पुथा उत्तरगङ्गाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको चित्र, भिडियो प्रस्तुत गर्ने, अवलोकन भ्रमण गराउने ।<br>• पुथा उत्तरगङ्गाका प्रमुख पर्यापर्यटकीय स्थलहरूको चित्र, भिडियो प्रस्तुत गर्ने, अवलोकन भ्रमण गराउने ।<br>• पुथा उत्तरगङ्गाका प्रमुख | • पर्यटन व्यवसायको परिचय दिनुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका कुनै दुई धार्मिक पर्यटकीय स्थलहरूको परिचय दिनुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका कुनै दुई पर्यापर्यटकीय स्थलहरूको परिचय दिनुहोस् ।<br>• पुथा उत्तरगङ्गा | २० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | गाउँपालिकाका युद्ध पर्यटकीय स्थलहरूको परिचय दिन | | | युद्धपर्यटकीय स्थलहरूको चित्र, भिडियो प्रस्तुत गर्ने, अवलोकन भ्रमण गराउने । | गाउँपालिकाका कुनै दुई युद्ध पर्यटकीय स्थलहरूको परिचय दिनुहोस् । | |
| ७ | विपद् व्यवस्थापन | • विपद्को अवधारणा दिन<br>• विपद्का प्रकारहरू बताउन | • विपदको अवधारणा<br>• विपदका प्रकारहरू प्राकृतिक र मानव निर्मित | • स्वव्यवस्थापन सिप | • विपद्सँग सम्बन्धित चित्र, भिडियो प्रस्तुत गरेर विपद्को अवधारणा दिने ।<br>• भूकम्प, हुरीबतास, हिमपात, पहिरो, रुख वा भिरबाट लड्नु, सडक दुर्घटना, आगलागी, पानीमा डुब्नु, जनावरले टोक्नु आदि विपद्सँग सम्बन्धित कुराहरूको सुची तयार गरी कुन प्राकृतिक र कुन मानव निर्मित विपद् होलान भनी छलफल गरी प्राकृतिक र मानव निर्मित विपदका प्रकारहरूको बारेमा बताइदिने । | • विपद भनेको के हो ?<br>• प्राकृतिक र मानव निर्मित विपद्का कुनै दुई दुई वटा उदाहरण दिनुहोस् । | १० |

**विषयवस्तुको विस्तृतीकरण (कक्षा ७)**

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | • पुथा उत्तरगङ्गा गाउँपालिकाको धरातलीय स्वरुप परिचय दिन | • पुथा उत्तरगङ्गा गाउँपालिकाको धरातलीय स्वरुपको परिचय र प्रकार हिमाल, पहाड, उच्च पहाड, | • सिकाइ सिप<br>• अवलोकन सिप<br>• प्रयोग सिप<br>• समस्या समाधान | • पुथा उत्तरगङ्गाका हिमाल, पहाड, बेँसी, भिराला पाखा आदिका चित्र प्रस्तुत गर्ने, अवलोकन गर्न लगाउने , धरातल केकस्तो छ ? छलफल गराइ धरातल र पुथा | • पुथा उत्तरगङ्गा गाउँपालिकाको धरातलीय स्वरुपको परिचय दिनुहोस् । | ३५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | ● पुथा उत्तरगङ्गा गाउँपालिकाको हावापानीको परिचय दिन<br>● पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको हावापानीको प्रकार बताउन<br>● हावापानीलाई प्रभाव पार्ने तत्वहरू बताउन | बेँसी, भिराला पाखा आदि<br>● पुथा उत्तरगङ्गा गाउँपालिकाको हावापानीको परिचय<br>● पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको हावापानीको प्रकार (उष्ण समशितोष्ण, ठण्डा समशितोष्ण)<br>● हावापानीलाई प्रभाव पार्ने तत्वहरू (उचाई, जमिनको ढाल, माटो, सूर्यको दुरी, बनजङ्गल) | सिप<br>● सञ्चार सिप | उत्तरगङ्गाको धरातलीय स्वरुपको परिचय दिने।<br>● पुथा उत्तरगङ्गामा कुन महिनामा कस्तो पानी धेरै पर्छ ? कुन महिनामा बढी गर्मी हुन्छ ? कुन महिनामा बढी चिसो हुन्छ ? आदि कुराहरूमा छलफल गराएर पुथा उत्तरगङ्गाको हावापानीको परिचय दिने।<br>● हिमाल, उच्च पहाड, पहाड र बेँसीमा पाइने हावापानीको बारेमा छलफल गराई पुथा उत्तरगङ्गामा पाइने हावापानीको प्रकार स्पष्ट पारिदिने।<br>● कुनै ठाँउमा धेरै पानी पर्ने, बढी घाम लाग्ने, चिसो हुने र बादलले आकाश छोपिराख्ने तथा कुनै ठाउँमा कम पानी पर्ने, कम घाम लाग्ने, कम गर्मी हुने आदि के कति कारणले गर्दा हुन्छ होला भनी छलफल गराई, चित्र प्रस्तुत गरि | ● पुथा उत्तरगङ्गा गाउँपालिकाको हावापानीको परिचय दिनुहोस्।<br>● पुथा उत्तरगङ्गा गाउँपालिकामा कति प्रकारको हावापानी पाइन्छ ? र ति केके हुन्, लेख्नुहोस्।<br>● हावापानीलाई प्रभाव पार्ने तत्वहरू उल्लेख गर्नुहोस्। | |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | हावापानीमा प्रभाव पार्ने तत्वहरू बताइदिने । | | |
| २ | हाम्रो विगत र वर्तमान | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०३२ साल देखि वि.सं. २०७४ साल सम्मको इतिहासको परिचय दिन<br>• नेपालको ऐतिहासिक एम्बुसको परिचय दिन (पुथा उत्तरगङ्गा गा.पा. ११)<br>• गुरिल्ला पद मार्गको परिचय दिन | • पञ्चायतकालीन, वहुदलीय र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको परिचय<br>• नेपालको ऐतिहासिक एम्बुसको परिचय<br>• गुरिल्ला पद मार्गको परिचय | • सक्रियतापूर्वक सुन्ने सिप | • पुथा उत्तरगङ्गा गाउँपालिकाको वि.सं. २०३२ साल देखि वि.सं. २०७४ साल सम्मको पञ्चायतकालीन, बहुदलीय र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको वर्णनात्मक विधिबाट बताइदिने ।<br>• जानकार व्यक्तिलाई स्रोत व्यक्तिको रुपमा आमन्त्रण गरी ऐतिहासिक एम्बुसको जानकारी गराउने ।<br>• गुरिल्ला पद मार्गको अवलोकन भ्रमण गराई प्रतिवेदन लेख्न लगाउने । | • पुथा उत्तरगङ्गाको वि.सं. २०३२ साल देखि वि.सं. २०७४ सालको इतिहासको परिचय दिनुहोस् ।<br>• नेपालको ऐतिहासिक एम्बुसको परिचय दिनुहोस् ।<br>• गुरिल्ला पद मार्गको परिचय दिनुहोस् । | १५ |
| ३ | जनसङ्ख्या | • जनघनत्वको परिचय दिन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्या वितरणको अवस्था | • जनघनत्वको परिचय<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको वडागत जनसङ्ख्या वितरण | • सिकाइ सिप<br>• स्वतन्त्र सिकाइ | • प्रति एकाई क्षेत्रमा बसोबास गर्ने मानिसहरूको उदाहरण लिएर जनघनत्वको परिचय दिने ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको वडागत जनसङ्ख्या वितरणको तालिका/ स्तम्भचित्र प्रस्तुत गरि | • जनघनत्वको परिचय दिनुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाको वडागत जनसङ्ख्या वितरणको तालिका | १५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | बताउन | | | पुथा उत्तरगङ्गा गाउँपालिकाको जनसङ्ख्या वितरणको अवस्था बताइदिने । | प्रस्तुत गर्नुहोस् । | |
| ४ | सामाजिक मूल्यमान्यता र संस्कृति | • आदर र सद्भावसँग परिचित भइ त्यसको विकास गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बजाइने बाजाहरूको परिचय दिइ बजाउने अभ्यास गर्न<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका नाचमा प्रयोग गरिने भेषभूषाहरूको नाम बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिका गरिने मुख्य मुख्य संस्कारहरूको परिचय दिन | • आफूभन्दा ठूलालाई गरिने आदरार्थी शब्दहरू र मैत्रीपूर्ण भाव व्यक्त हुने बानी व्यवहार<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बजाइने बाजाहरू<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका नाचमा प्रयोग गरिने भेषभूषाहरू<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका मुख्य मुख्य संस्कारहरू | • प्रयोग सिप<br>• सिकाइ सिप<br>• सञ्चार सिप<br>• सहनशीलता र खुलापन<br>• सांस्कृतिक सिप<br>• बहुसांस्कृतिक साक्षरता सिप | • आफूभन्दा ठूलासँग बोल्दा प्रयोग गरिने आदरार्थी शब्दहरू भन्न लगाएर, सूची बनाएर र अन्य व्यक्तिसँग मित्रता कायम राख्न अपनाउनु पर्ने बानी व्यवहारको बारेमा छलफल गरेर आदर र सद्भाभावको परिचय दिई त्यसको विकास गर्ने कुराको धारणा स्पष्ट पारिदिने ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बजाइने बाजाहरूको सूची तयार गर्न लगाउने र ति बाजाहरू बजाउने अभ्यास गर्न लगाउने ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा नाचिने नाचमा प्रयोग गरिने भेषभूषाहरूको सूची तयार गर्न लगाउने र भेषभूषाहरूको बारेमा छलफल गर्ने । | • आफूभन्दा ठूलासँग बोल्दा प्रयोग गरिने आदरार्थी शब्दहरूको सूची बनाउनुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा बजाइने बाजाहरूको सूची तयार गर्नुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकामा नाचिने नाचमा प्रयोग गरिने भेषभूषाहरूको सूची तयार गर्नुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिका गरिने | २० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा गरिने मुख्य मुख्य संस्कारहरूको सूची तयार गर्न लगाएर ति संस्कारहरूको बारेमा छलफल गर्ने । | कुनै तीन संस्कारहरूको परिचय दिनुहोस् । | |
| ५ | पेसा, व्यवसाय र प्रविधि | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा पशुपालन व्यवसायको महत्व बताउन<br>● पुथा उत्तरगङ्गा गाउँपालिकामा व्यापार व्यवसायको महत्व बताउन | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा पशुपालन (भेडा बाख्रापालन, सुँगरपालन, गाईपालन) व्यवसायको महत्व<br>● पुथा उत्तरगङ्गा गाउँपालिकामा व्यापार व्यवसायको महत्व | ● सिकाइ सिप<br>● प्राविधिक साक्षरता सिप | ● आफ्नो वरपर पशुपालन व्यवसाय गरेका स्थानमा अवलोकन भ्रमण गराई प्रतिवेदन लेख्न लगाएर पशुपालन व्यवसायको महत्वको बताउन लगाउने ।<br>● व्यापार व्यवसायको महत्वको बारेमा विद्यार्थीबिच छलफल र अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण दिएर व्यापार व्यवसायको महत्व बताइदिने । | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा पशुपालन व्यवसायको महत्व उल्लेख गर्नुहोस् ।<br>● पुथा उत्तरगङ्गा गाउँपालिकामा व्यापार व्यवसायको महत्व उल्लेख गर्नुहोस् । | १३ |
| ६ | पर्यटन | ● पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको महत्व बताउन | ● पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको महत्व<br>● पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख | ● सिकाइ सिप<br>● समस्या समाधान सिप | ● पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख धार्मिक पर्यटकीय स्थलहरूको अवलोकन भ्रमण गराई प्रतिवेदन लेख्न लगाएर धार्मिक पर्यटकीय स्थलहरूको महत्वको बारेमा स्पष्ट पारिदिने । | ● पुथा उत्तरगङ्गा गाउँपालिकाका कुनै दुई धार्मिक पर्यटकीय स्थलहरू नाम लेखी ती | २० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | • पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पर्यापर्यटकीय स्थलहरूको महत्व बताउन<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका युद्ध पर्यटकीय स्थलहरूको महत्व बताउन | पर्यापर्यटकीय स्थलहरूको महत्व<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका युद्ध पर्यटकीय स्थलहरूको महत्व | | • पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख पर्यापर्यटकीय स्थलहरूको अवलोकन भ्रमण गराई प्रतिवेदन लेख्न लगाएर पर्यापर्यटकीय स्थलहरूको महत्वको बारेमा स्पष्ट पारिदिने ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका प्रमुख युद्ध पर्यटकीय स्थलहरूको अवलोकन भ्रमण गराई प्रतिवेदन लेख्न लगाएर युद्ध पर्यटकीय स्थलहरूको महत्वको बारेमा स्पष्ट पारिदिने । | स्थलहरूको महत्व उल्लेख गर्नुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका कुनै दुई पर्यापर्यटकीय स्थलहरूको नाम लेखी ती स्थलहरूको महत्व उल्लेख गर्नुहोस् ।<br>• पुथा उत्तरगङ्गा गाउँपालिकाका कुनै दुई युद्ध पर्यटकीय स्थलहरू नाम लेखी ती स्थलहरूको महत्व उल्लेख गर्नुहोस् । | |
| ७ | विपद् व्यवस्थापन | • आगलागी हुने कारणहरू र आगलागीबाट बच्ने उपायहरू बताउन<br>• सवारी दुर्घटनाका | • आगलागी हुने कारणहरू र आगलागीबाट बच्ने उपायहरू<br>• सवारी दुर्घटनाका कारणहरू र सवारी | • स्वव्यवस्थापन सिप | • आगलागी हुने कारण र आगलागीबाट बच्ने उपायहरूको बारेमा विद्यार्थीबिच छलफल र अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण दिएर आगलागी हुने | • आगलागी हुने कुनै तीन कारण लेखी आगलागीबाट बच्ने कुनै तीन उपायहरू उल्लेख गर्नुहोस् । | १० |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | कारणहरू र सवारी दुर्घटनाबाट बच्ने उपायहरू बताउन | दुर्घटनाबाट बच्ने उपायहरू | | कारण र त्यसबाट बच्ने उपायहरू बताइदिने ।<br>● सवारी दुर्घटना हुने कारण र सवारी दुर्घटनाका बाट बच्ने उपायहरूको बारेमा विद्यार्थीबिच छलफल र अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण दिएर सवारी दुर्घटना हुने कारण र त्यसबाट बच्ने उपायहरू बताइदिने । | ● सवारी दुर्घटना हुने कुनै तीन कारण लेखी सवारी दुर्घटनाबाट बच्ने कुनै तीन उपायहरू उल्लेख गर्नुहोस् । | |

**विषयवस्तुको विस्तृतीकरण (कक्षा ८)**

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको वनजङ्गलको परिचय तथा महत्व बताउन | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको वनजङ्गलको परिचय तथा महत्व | ● सिकाइ सिप<br>● अवलोकन सिप<br>● प्रयोग सिप<br>● समस्या समाधान | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा वनजङ्गल रहेको क्षेत्रको नक्सा प्रस्तुत गर्ने, अवलोकन भ्रमण गराउने र वनजङ्गलबाट प्राप्त हुने जडिबुटी, काठ, दाउरा, घाँस | ● पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको वनजङ्गलको परिचय दिई त्यसको कुनै दुई वटा महत्व उल्लेख | ३५ |

| क्र.सं. | क्षेत्र/ थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहारकुशल सिपहरू | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कनका लागि सम्भावित प्रश्नहरू | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
